सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ फागुन २०८२, शनिबार (7 March 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१७ ■ पृष्ठ ८ | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

चुपचाप मत क्रान्ति

स्थापित पुराना दलहरूलाई मतमार्फत दण्डित गर्दै नागरिकले बदले राष्ट्रिय राजनीतिको शक्ति सन्तुलन, मतगणनाको रुझान रास्वपा स्पष्ट बहुमत पाउने मात्रै होइन, दुईतिहाइनजिक पुग्ने देखिन्छ, विश्लेषक भन्छन्- सुशासन र नयाँ राजनीतिक संस्कृतिको पक्षमा देखियो जनादेश

बालेन प्रधानमन्त्री बन्ने निश्चित

झापा ५ बाट उम्मेदवार बनेका रास्वपा वरिष्ठ नेता बालेन शाहले फराकिलो अग्रता लिइरहेका छन्। उनी निर्वाचित हुने निश्चितजस्तै छ। रास्वपाले जनतामा जानुअघि नै बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेको थियो। मतगणनाको रुझान हेर्दा रास्वपाले बहुमत ल्याउने निश्चित देखिन्छ।

चार क्षेत्रको मतगणना सुरु हुन बाँकी

निर्वाचन आयोगका अनुसार १६५ मध्ये चार क्षेत्रको मतगणना बाँकी छ। संखुवासभा, गोरखा १, मुगु, डोल्पामा सबै मतपेटिका संकलन तथा व्यवस्थापन नभइसकेकाले मतगणना प्रारम्भ नभएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए। उनका अनुसार गोरखाको १४ केन्द्र र संखुवासभाको १ केन्द्रको मतपेटिका हेलिकोप्टरबाट ढुवानी गर्न बाँकी छ।

कमलराज भट्ट, शिवहरि घिमिरे

६ महिनाअघि सडकमा भएको जेन-जी विद्रोहपछि नागरिकले ब्यालेटमार्फत 'मत क्रान्ति' गरेका छन्। बिहीबार भएको निर्वाचनमा मतदाताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई अभूतपूर्व मत दिएका छन् भने परम्परागत राजनीतिक शक्तिलाई किनारामा धकेलेका छन्। मतगणनाको रुझान हेर्दा रास्वपा स्पष्ट बहुमत पाउने मात्रै होइन, दुईतिहाइनजिक पुग्ने (दुईतिहाइ ल्याउन पनि सक्छ) देखिन्छ।

पुरानो राजनीतिक शैलीप्रति असन्तुष्ट नागरिकले परिवर्तन, पारदर्शिता र प्रभावकारी सेवाप्रवाहको अपेक्षासहित नयाँ शक्तिलाई शासनका लागि अघि सारेको देखिन्छ। भावी प्रधानमन्त्रीका रूपमा रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई अगाडि सारेको छ।

०७९ असारमा स्थापना भएको रास्वपाले त्यही वर्ष मंसिरमा सम्पन्न निर्वाचनमा भाग लिएर २१ सिट जितेको थियो। सुशासनका पक्षमा रास्वपाले संसद्मा बलियो आवाज उठाएको थियो। यसबिचमा जेन-जी विद्रोह पनि भयो। यही सन्दर्भमा स्थापित दलहरूलाई मतमार्फत दण्डित गर्दै जनताले राष्ट्रिय राजनीतिको शक्ति सन्तुलन पूर्णतः बदलेका छन्।

रास्वपाले जेन-जी आन्दोलनको अपनत्व लिँदै सुशासनका लागि काम गर्ने वाचा गरेको छ। आयोगको तथ्यांकअनुसार प्रारम्भिक रुझानमा रास्वपाले बहुमत प्राप्त गर्ने सुनिश्चित भएको छ। प्रारम्भिक रुझान अन्तिमसम्म रहे दुईतिहाइनजिक पुग्न सक्ने देखिन्छ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दीपेश घिमिरेका अनुसार नेपालमा विगतदेखि नै जनविद्रोहलाई मतमार्फत अनुमोदन गर्ने परम्परा रहेको र अहिले नागरिकले जेन-जी विद्रोहलाई पनि त्यही ढंगले स्वीकृति दिएका छन्। '००७ सालको परिवर्तनपछि ०१५ को जनमत, ०४६ को परिवर्तनपछि ०४८ को परिणाम, जनयुद्धपछि ०६४ को जनादेश तथा मधेश आन्दोलनको अनुमोदनजस्तै अहिले जेन-जी विद्रोहलाई पनि नागरिकले मतबाट अनुमोदन गरेका छन्। जेन-जीले उठाएका एजेन्डा कार्यान्वयन गर्ने जिम्मा नागरिकले रास्वपालाई दिएका हुन्,' उनले भने।

घिमिरेका अनुसार लामो समयदेखि सीमित नेताबिच 'म्युजिकल चेयर'जस्तो सत्ता खेल चलिरहँदा नागरिक दिक्क भइसकेका थिए, जसका कारण मतदाताले नयाँ विकल्पतर्फ झुकाव देखाएका हुन्। उनका अनुसार नागरिक असन्तुष्टिको केन्द्रमा रहेको तत्कालीन प्रधानमन्त्रीलाई चुनौती दिने नेतृत्वप्रति समर्थन देखिँदा त्यो मत परिणाममा झल्किएको हो। साथै, प्रभावकारी सेवाप्रवाहको अपेक्षा पनि रास्वपातर्फ जनमत आकर्षित हुनुको अर्को कारण भएको उनले बताए। 'हरेक सार्वजनिक काममा देखिएको ढिलासुस्ती र भ्रष्टाचारप्रति असन्तुष्टि अन्ततः ब्यालेट बक्समा व्यक्त भएको हो,' उनले भने।

तर, घिमिरेले नेपालमा हरेक विद्रोहपछि बहुमत पाए पनि त्यसलाई दीर्घकाल टिकाउन नसकेको इतिहास रहेको स्मरण गराए। '०१५ मा बहुमत पाए पनि सरकार टिकेन, ०४८ मा पनि मध्यावधि भयो, ०६४ मा माओवादी सरकार स्थिर हुन सकेन, ०७४ मा एमाले-माओवादी गठबन्धनलाई दुईतिहाइ जनादेश मिल्दा पनि संसद् दुईपटक विघटन भयो,' उनले भने, 'त्यसैले

» पृष्ठ २ मा क्रमशः

काठमाडौं १ बाट निर्वाचित भएपछि रास्वपा युवा नेतृ रञ्जु दर्शना। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ काठमाडौंका १० वटै क्षेत्रमा रास्वपा

सुनील केसी, काठमाडौं २ | राजु पाण्डे, काठमाडौं ३ | पुकार बम, काठमाडौं ४ | सस्मित पोखरेल, काठमाडौं ५ | शिशिर खनाल, काठमाडौं ६

गणेश पराजुली, काठमाडौं ७ | विराजभक्त महर्जन, काठमाडौं ८ | डोलप्रसाद अर्याल, काठमाडौं ९ | प्रदीप विष्ट, काठमाडौं १० | विना गुरुङ, कास्की ३

काठमाडौंका १० वटै निर्वाचन क्षेत्रमा रास्वपा विजयी हुने निश्चित भएको छ। १ बाट रञ्जु दर्शना, ३ बाट राजु पाण्डे, ४ बाट पुकार बम, ५ बाट सस्मित पोखरेल, ६ बाट शिशिर खनाल, ७ बाट गणेश पराजुली, ८ बाट विराजभक्त श्रेष्ठ र १० बाट प्रदीप विष्ट निर्वाचित भएको आयोगले घोषणा गरिसकेको छ। काठमाडौं २ का सुनील केसी र ९ का डोलप्रसाद अर्यालको पनि जित निश्चित छ। किनभने राति १:४५ बजेसम्म गन्न बाँकी मतभन्दा रास्वपाका उम्मेदवारहरूको मतान्तर नै अत्यधिक छ। ललितपुरका तीन र भक्तपुरका दुईवटै क्षेत्रको गणनामा पनि शुक्रबार मध्यरातिसम्म रास्वपाकै उम्मेदवारहरूले अग्रता लिइरहेका छन्। त्यस्तै, कास्की ३ बाट रास्वपाकी विना गुरुङ निर्वाचित भएकी छिन्।

■ कांग्रेसका तीन र नेकपाका दुई उम्मेदवार निर्वाचित

प्रचण्ड (रुकुम पूर्व) | महेन्द्रबहादुर शाही (कालीकोट) | योगेश गौचन थकाली (मुस्ताङ) | टेकबहादुर गुरुङ (मनाङ) | मोहन आचार्य (रसुवा)

एमालेसहित बाँकी दलहरूले खोल्न सकेनन् खाता

■ समानुपातिकमा पनि रास्वपाकै अग्रता

निर्वाचन आयोगले प्रत्यक्षतर्फ मतगणना सकिएको ठाउँमा समानुपातिकतर्फ मतगणना सुरु गरेको छ। दिउँसै प्रत्यक्षतर्फको मतगणना सकिएको काठमाडौं १ मा समानुपातिकतर्फ मतगणना जारी छ। राति साढे १० बजेसम्मको परिणाममा रास्वपा फराकिलो मतान्तरले अगाडि छ। ३१ हजार ८८२ मत गन्दा रास्वपाले १८ हजार ८३० मत प्राप्त गरेको छ। कांग्रेसले ५ हजार ५६०, राप्रपाले २ हजार ८४८, एमालेले २ हजार १०१, श्रम संस्कृतिले ७८४, नेकपाले ६१९ मत प्राप्त गरेका छन्। समानुपातिकतर्फ तीन प्रतिशत थ्रेसहोल्ड कटाएमा दलले सिट प्राप्त गर्छन्।

जेन-जी विद्रोह ब्यालेटबाट पनि अनुमोदन

२३ भदौको जेन-जी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनअगाडि प्रदर्शन गर्दै युवा (फाइल तस्बिर)

नवराज मैनाली/नयाँ पत्रिका

नयाँ दल र युवा नेतृत्वतर्फ देखिएको व्यापक समर्थनले जेन-जी आन्दोलन चुनावमार्फत अनुमोदन भएको छ। २४ भदौको जेन-जी आन्दोलनलाई 'देश जलाउने अभियान' भन्दै खारेज गर्न खोजेका पुराना दलहरूलाई मतपेटिकाले नै प्रतिवाद गरेको छ। जनआक्रोश मतपेटिकाबाट विस्फोट भएको छ।

खास गरेर कांग्रेस र एमाले जेन-जी आन्दोलनका नाममा नयाँ दलहरूले देशमा अराजकता फैलाएको आरोप लगाउँदै जनतासमक्ष गएका थिए। तर, बिहीबार सम्पन्न निर्वाचनको प्रारम्भिक मतपरिणामले यो आरोप खण्डित गरेको छ।

निर्वाचनमा जेन-जी आन्दोलनको पक्षमा उभिएका राष्ट्रिय स्वतन्त्र पार्टीलाई व्यापक समर्थन देखिएको छ। यसलाई विश्लेषकहरूले निर्वाचनमार्फत जेन-जी आन्दोलनको अनुमोदनका रूपमा व्याख्या गर्न थालेका छन्। रास्वपाले आफ्नो चुनावी वाचापत्रमै जेन-जी आन्दोलनको स्वामित्व लिएको थियो।

वरिष्ठ अधिवक्ता बाबुराम दाहालका अनुसार निर्वाचन परिणामले पुराना दलका आरोपलाई जनताले अस्वीकार गरेको स्पष्ट देखिएको छ। दाहाल पुराना दलका कुरा जनताले पटक्कै विश्वास नगरेको र यो निर्वाचनको मतपरिणामले जेन-जी आन्दोलनलाई अनुमोदन गरेको बताउँछन्। 'यो मतपरिणामले भदौ २४ को आन्दोलन नयाँ दलले होइन, जनताको विद्रोहले जन्माएको हो भन्ने पुष्टि गरेको छ। पुराना दलका नेताहरूको कुरा जनताले पत्याएनन्, सहानुभूति पनि देखाएनन्,' उनले भने।

दाहालका अनुसार रास्वपाले पाएको मत केवल समर्थकको मात्रै नभई असन्तुष्ट सबै मत आएका छन्। 'आधा मत उनीहरूप्रतिको आकर्षण हो भने आधा मत कांग्रेस, एमाले र नेकपाविरुद्धको नेगेटिभ भोट हो,' उनले भने, 'पुराना दलप्रति बढेको वितृष्णा मतमार्फत विद्रोहका रूपमा प्रकट भएको छ।'

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक तथा समाजशास्त्री दीपेश घिमिरे पनि इतिहासले विद्रोहपछि भएका निर्वाचनले आन्दोलनलाई वैधानिकता दिने देखाएको बताउँछन्। '०१५, ०४८ र ०६४ सालका निर्वाचनले त्यसअघिका आन्दोलन र विद्रोहलाई अनुमोदन गरेका थिए। यसपटक पनि जेन-जी आन्दोलन चुनावमार्फत अनुमोदित भएको देखिन्छ,' उनले भने, 'जनताले

पुराना दलप्रति बढेको वितृष्णा मतमार्फत विद्रोहका रूपमा प्रकट भएको छ

● **बाबुराम दाहाल,** वरिष्ठ अधिवक्ता

यो मतपरिणामले भदौ २४ को विद्रोह नयाँ दलले होइन, जनताको आक्रोशले जन्माएको हो भन्ने पुष्टि गरेको छ। पुराना दलका नेताहरूको कुरा जनताले पत्याएनन्, सहानुभूति पनि देखाएनन्। आधा मत उनीहरूप्रतिको आकर्षण हो भने आधा मत कांग्रेस, एमाले र नेकपाविरुद्धको नेगेटिभ भोट हो। पुराना दलप्रति बढेको वितृष्णा मतमार्फत विद्रोहका रूपमा प्रकट भएको छ।

विगतका निर्वाचनझैँ यो चुनावले जेन-जी विद्रोहलाई अनुमोदन गरेको छ

● **दीपेश घिमिरे,** विश्लेषक

०१५, ०४८ र ०६४ सालका निर्वाचनले त्यसअघिका आन्दोलन र विद्रोहलाई अनुमोदन गरेका थिए। यसपटक पनि जेन-जी आन्दोलन चुनावमार्फत अनुमोदित भएको देखिन्छ। जनताले अर्को विद्रोहको अवस्था नआओस् भनेर परिवर्तनलाई शान्तिपूर्ण बाटोबाट अनुमोदन गरेका हुन सक्छन्। जनताले असन्तुष्टिलाई हिंसाबाट होइन, मतमार्फत व्यक्त गरेका हुन्।

अर्को विद्रोहको अवस्था नआओस् भनेर परिवर्तनलाई शान्तिपूर्ण बाटोबाट अनुमोदन गरेका हुन सक्छन्। जनताले असन्तुष्टिलाई हिंसाबाट होइन, मतमार्फत व्यक्त गरेका हुन्।'

उनले यो निर्वाचनले पुराना दललाई पुस्तान्तरण र आन्तरिक शुद्धीकरणको कडा सन्देश दिएको पनि बताए। 'कांग्रेसले पुस्तान्तरणको प्रयास गरे पनि त्यो स्वाभाविक प्रक्रियाबाट नभएकाले जनताले विश्वास गरेनन्। अन्य पुराना दलप्रति पनि भरोसा देखिएन,' उनले भने। भ्रष्टाचारविरोधी छविका

» पृष्ठ २ मा क्रमशः

धेरैजसो शीर्ष नेता जोखिममा

कांग्रेस, एमाले र नेकपाका अधिकांश ठुला नेता मतगणनामा पछाडि, मधेशी र राप्रपालाई प्रत्यक्षमा अस्तित्व जोगाउनै संकट

केपी ओली, **मतान्तर : १४,४०१** | गगन थापा, **मतान्तर : २,५९३** | राजेन्द्र लिङ्देन, **मतान्तर : ७,५४९** | उपेन्द्र यादव, **मतान्तर : ९४८** | सिके राउत, **मतान्तर : १,५२८** | राजेन्द्र महतो, **मतान्तर : ११,१७५** | माधव नेपाल, **मतान्तर : ५,६६४**

नयाँ पत्रिका

मतगणनामा स्थापित दलका शीर्ष नेताहरू नै संकटमा परेका छन्। राति १ बजेसम्मको मतपरिणामअनुसार प्रमुख दलका प्रभावशाली नेताहरू आफ्नै निर्वाचन क्षेत्रमा ठुलो मतान्तरले पछि पर्दै पराजयको जोखिममा पुगेका छन्। केही क्षेत्रमा उनीहरू तेस्रो वा चौथो स्थानसम्म खस्किएका छन्। नेकपा संयोजक प्रचण्ड भने रुकुम पूर्वबाट विजयी भएका छन्।

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली झापा ५ मा १४ हजार ४०१ मतान्तरले पछि छन्। कांग्रेस सभापति गगन थापा सर्लाही ४ मा रास्वपा उम्मेदवारभन्दा २५ सय ९३ मतले पछाडि छन्। यस्तै, एमाले उपाध्यक्ष विष्णु पौडेल रुपन्देही २ मा २५ हजार ३३९ मतान्तरले पछि छन्। पूर्वउपमहासचिव प्रदीप ज्ञवाली गुल्मी १ मा ६ हजार ६४२ मतले पछाडि छन्। एमाले उपमहासचिव रघुवीर महासेठ धनुषा ४ मा चार हजार मतले पछाडि छन्। उनी तेस्रो स्थानमा छन्।

एमाले महासचिव शंकर पोखरेल दाङ २ मा ५ हजार ३५२ मतले रास्वपा उम्मेदवारसँग पछि परेका छन्। एमाले वरिष्ठ नेता ईश्वर पोखरेल काठमाडौं ५ मा २३ हजार ३०५ मतान्तरले तेस्रो स्थानमा छन्। राप्रपा नेता कमल थापा ५ मै २५ हजार ७४८ मतले पछि पर्दै चौथो स्थानमा छन्। कांग्रेस महामन्त्री प्रदीप पौडेल काठमाडौं ५ मा रास्वपा उम्मेदवारसँग १९ हजार २६६ मतले पछाडि छन्।

सर्लाही ३ मा नेकपाका नेता नारायणकाजी श्रेष्ठ ९ हजार ४१७ मतान्तरले पछाडि छन्। सर्लाही २ मा महिन्द्र राय यादव ९ हजार ४२५ मतले दोस्रो स्थानमा र राष्ट्रिय मुक्ति नेपालका अध्यक्ष राजेन्द्र महतो ११ हजार १७५ मतान्तरले पछि छन्।

सप्तरी २ मा जनमत अध्यक्ष सिके राउत रास्वपा उम्मेदवारसँग १५ सय २८ मतले पछाडि छन्। सप्तरी ३ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव रास्वपा उम्मेदवारसँग ९४८ मतले पछाडि छन्।

झापा ३ मा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन ७ हजार ५४९ मतले रास्वपा उम्मेदवारसँग पछि परेका छन्। रौतहट १ मा नेकपा नेता माधव नेपाल रास्वपा उम्मेदवारसँग ५ हजार ६६४ मतले पछि परेका छन्। उनी तेस्रो स्थानमा छन्। कांग्रेसबाट टिकट लिएका अनिल झा पनि ५ हजार ८८८ मतान्तरले चौथो नम्बरमा छन्।

नेकपाकै राजेन्द्र पाण्डे ७ हजार ६७३ मतान्तरले धादिङ १ मा तेस्रो स्थानमा छन्। महोत्तरी २ मा जसपा नेपालका शरत्सिंह भण्डारी ५ हजार ८७८ मतान्तरले रास्वपा उम्मेदवारभन्दा पछि परेका छन्।

झन्‌नयाँ

नेपालमा निर्वाचन

इतिहासदेखि वर्तमानसम्म

● कमलराज भट्ट

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

काठमाडौं उपत्यकामा रास्वपा एकछत्र, प्रतिस्पर्धी कांग्रेस

काठमाडौं ३ र ८ तथा भक्तपुर १ र २ बाहेक ११ क्षेत्रमा रास्वपाको निकटतम प्रतिस्पर्धी कांग्रेस

०७९ को चुनावमा उपत्यकाका १५ सिटमध्ये कांग्रेस ६, रास्वपा पाँच, एमाले तीन र नेमकिपाले एक सिट जितेका थिए

शिवहरि घिमिरे/नयाँ पत्रिका

१५ निर्वाचन क्षेत्र रहेको काठमाडौं उपत्यकामा पनि रास्वपाले एकछत्र नतिजा निकालेको छ। शुक्रबार मध्यरातिसम्म सार्वजनिक नतिजाअनुसार आठ क्षेत्रमा रास्वपा विजयी भएको छ भने मतगणना भइरहेका सातवटै क्षेत्रमा पनि अगाडि छ।

काठमाडौं १ मा रञ्जु दर्जना (न्यौपाने), ३ मा राजुनाथ पाण्डे, ४ मा पुकार बम, ५ मा सस्मित पोखरेल, ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली, ८ मा विराजभक्त श्रेष्ठ र १० मा प्रदीप विष्ट निर्वाचित भएका छन्। खनाल, पराजुली र श्रेष्ठ यसअघि ०७९ मा पनि सांसद बनेका थिए। रञ्जु, पाण्डे, बम, पोखरेल र विष्टको पहिलो संसद् यात्रा हो। मतगणना भइरहेका बाँकी सात क्षेत्रमा पनि रास्वपाका उम्मेदवार नै अगाडि छन्। काठमाडौं २ मा रास्वपाका सुनील केसी र ९ मा डिपी अर्यालको अग्रता छ। त्यस्तै, ललितपुर १ मा बुद्धरत्न महर्जन, २ मा जगदीश खरेल र ३ मा तोसिमा कार्की अगाडि छन्।

यसैगरी, नेमकिपाको गढ मानिएको भक्तपुर १ मा पनि रुकेश रञ्जित अगाडि छन्। यहाँ नेमकिपाका प्रेम सुवालले पछ्याइरहेका छन्। सुवालले ०७९ को चुनावमा ४२ हजार मतान्तरले जितेका थिए। भक्तपुर २ मा रास्वपाका राजीव खत्रीलाई एमालेका महेश बस्नेतले पछ्याइरहेका छन्।

काठमाडौं ३ र ८ तथा भक्तपुर १ र २ बाहेक ११ क्षेत्रमा निकटतम प्रतिस्पर्धी कांग्रेस देखिएको छ। ०७९ को चुनावमा उपत्यकामा कांग्रेस ६, रास्वपा पाँच, एमाले तीन र नेमकिपा एक सिटमा विजयी भएका थिए। काठमाडौंका १० मध्ये १, ३, ४, ५ र १० मा कांग्रेस विजयी भएको थियो भने रास्वपाले २, ६, ७ र ८ मा जित निकालेको थियो। ९ मा एमाले विजयी भएको थियो। त्यस्तै, ललितपुरमा १ मा कांग्रेस, २ मा एमाले र ३ मा रास्वपा विजयी भएका थिए। भक्तपुर १ मा नेमकिपाले जित्दा २ मा एमाले विजयी भएको थियो।

रञ्जुको मेयर बन्ने धोको अधुरो, माननीयमा निर्वाचित

०७४ को चुनावमा काठमाडौं महानगरपालिकाको मेयरमा चुनाव लडेकी रञ्जु दर्शना (न्यौपाने)लाई सफलता मिलेन। त्यतिखेर उनी तत्कालीन विवेकशील पार्टीबाट चुनाव लडे पनि एमालेका विद्यासुन्दर शाक्य विजयी भए। यद्यपि, २३ हजार ४३९ मत ल्याइन्।

त्यति मात्र होइन त्यसको पाँच वर्षपछि उनले संसदीय राजनीतिका लागि काठमाडौं ५ बाट स्वतन्त्र उम्मेदवारी दिएर चुनाव लडिन्। ०७८ मा तत्कालीन विवेकशील पार्टीमा विवाद चुलिएपछि बाहिरिएकी रञ्जुलाई प्रतिनिधिसभा चुनावमा सफलता मिलेन, बरु जमानत नै जफत भयो, ६ सय मत मात्र पाइन्।

काठमाडौं ८ मा विजयी भएपछि र्‍यालीमा सहभागी रास्वपाका विराजभक्त श्रेष्ठ

तर, गत भदौमा भएको जेन-जी विद्रोहको बलमा बिहीबार भएको चुनावमा भने उनी रास्वपाबाट काठमाडौं १ मा उम्मेदवार बनिन्। उनी १५ हजार ४५५ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी कांग्रेसका प्रबल थापाले ६ हजार ३६४ र राप्रपाका रवीन्द्र मिश्रले तीन हजार ९७२ मत मात्र पाए।

रास्वपाको जितको खाता खोलेकी उनको जितपछि शुभेच्छुकले शुक्रबार विजयी उत्सव पनि मनाए। जितको प्रमाणपत्र बुझ्न नयाँ बानेश्वरस्थित सहकारी प्रशिक्षण केन्द्र पुग्दा रञ्जुको अनुहारमा हर्ष देखिन्थ्यो। तर, शरीर थकित थियो। ११ दिने सुत्केरी ज्यान, त्यसमाथि चुनावी दौडधुपले गलेकी देखिन्थिन्। गर्भवती अवस्थामा चुनावी प्रचारप्रसारमा समेत सक्रिय रहेकी उनी सुत्केरी भएपछि भने केही दिन प्रचारप्रसारमा हिँड्न पाइनन्। रञ्जुले आफू र रास्वपाको जित नेपाललाई गति दिने गतिलो वैकल्पिक शक्तिको जित रहेको बताइन्। 'जनतालाई वैकल्पिक राजनीतिक दलप्रति विश्वास भयो, हामीलाई भरोसा गरेर मत दिनुभयो, पुराना दलहरूले जसरी धोका दिँदैनौं,' उनले सुनाइन्।

यसैगरी, काठमाडौं महानगरका पूर्व नगर प्रहरी प्रमुख राजुनाथ पाण्डे काठमाडौं ३ बाट जिजयी भएका छन्। उज्यालो पार्टी नेपालका अध्यक्ष कुलमान घिसिङलाई ११ हजार १७१ मतले हराउँदै उनी चुनिएका हुन्। पाण्डेले १८ हजार ७५७ मत पाए।

दोहोरिएको श्रेष्ठ र खनालले ०७९ को भन्दा दोब्बर मतले जिते

०७९ मा संसद यात्रा थालेका विराजभक्त श्रेष्ठले काठमाडौं ८ मा फराकिलो मतान्तरले जितेका छन्। उनी २४ हजार ५९२ मतसहित विजयी भएका हुन्। ३६ हजार ४९२ मतमा उनले ६० प्रतिशतभन्दा धेरै पाएका छन्। उनका निकटतम प्रतिस्पर्धी नेकपाका सुमन सायमीले ३ हजार २१७ मत प्राप्त गरे भने कांग्रेसकी सपना राजभण्डारीले दुई हजार ८३५ प्राप्त गरिन्। श्रेष्ठले यसअघि ०७९ को चुनावमा १० हजार १०५ मत प्राप्त गर्दै विजयी भएका थिए।

त्यस्तै, ०७९ को निर्वाचनमा शिशिर खनाल १४ हजार २०४ मतसहित विजयी भएकामा यसपटक त्यसको झन्डै दोब्बर मतले जित हात पारे। खनालले २७ हजार ७१९ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी कांग्रेसका कृष्ण बानियाँ 'सबुज' ले ६ हजार ६४७ मत प्राप्त गरेका छन्। यसैगरी, काठमाडौं ४ मा पुकार बम २९ हजार १४१ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सचिन तिमल्सेना र एमालेका राजन भट्टराई रहे। काठमाडौं ५ मा सस्मित पोखरेल ३० हजार ७३७ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका प्रदीप पौडेलले ९ हजार १५९ र एमालेका इश्वर पोखरेलले ४ हजार ७०१ मत मात्र पाए।

यसैगरी, काठमाडौं ७ मा २७ हजार ८०५ मतले गणेश पराजुली विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका प्रमोदहरि गुरागाईंले तीन हजार ९८२ मत ल्याउँदा एमालेका वसन्तप्रसाद मानन्धरले तीन हजार ६६७ मत मात्र ल्याए। त्यस्तै, काठमाडौं १० मा रास्वपाका प्रदीप विष्ट ३७ हजार ४६९ मतसहित विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका हिमाल कार्कीले आठ हजार एक सय मत ल्याए भने एमालेका विनोद श्रेष्ठले चार हजार ८६४ मत प्राप्त गरेका छन्।

चीनले भन्यो– नेपालसँग रणनीतिक सहकार्यमा आधारित साझेदारी अघि बढाउन तयार

काठमाडौं/ नेपालको ताजा जनादेश राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा आउने क्रम जारी रहेकै वेला छिमेकी चीनले नेपालसँग रणनीतिक सहकार्यमा आधारित साझेदारी अघि बढाउने प्रतिबद्धता जनाएको छ। निर्वाचनपछि मतगणना जारी रहँदा शुक्रबार बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले मतदान सम्पन्न भएकोमा नेपाललाई बधाईसमेत दिएकी छिन्।

डाँफे टिभीका पत्रकारद्वारा सोधिएको प्रश्नमा प्रवक्ता निङले नेपालसँगको सम्बन्धलाई चीनले महत्त्व दिएकोसमेत स्पष्ट पारेकी छिन्। 'नेपालले प्रतिनिधिसभा निर्वाचनको मतदान स्थिर रूपमा र तोकिएको समयअनुसार सम्पन्न गरेकोमा चीन नेपाललाई बधाई दिन्छ,' उनले भनिन्, 'नेपालले आफ्नो राजनीतिक कार्यसूची अघि बढाएको देखेर हामी खुसी छौं। परम्परागत रूपमा मैत्रीपूर्ण छिमेकीका रूपमा चीन नेपालसँगको सम्बन्धलाई महत्त्व दिन्छ। स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने प्रयासमा दुवै देशले एक-अर्कालाई समर्थन गरेका छन्। विकास र समृद्धिका लागि सदाबहार मित्रता विशेषतासहितको रणनीतिक सहकार्यमा आधारित साझेदारीलाई निरन्तर अघि बढाउन चीन नेपालसँग काम गर्न तयार छ।'

यसअघि बिहीबार मतदान सकिएलगत्तै नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले पनि चीनका तर्फबाट नेपाललाई बधाई दिएका थिए।

चुपचाप...

पृष्ठ १ बाट क्रमशः

विद्रोहको लहरबाट स्थापित हुँदै गरेको रास्वपाले अझ सम्हालिएर अघि बढ्नुपर्ने जिम्मेवारी आएको छ।'

उनका अनुसार नागरिक समाजले पनि सरकारलाई पाँच वर्ष स्थिर रूपमा काम गर्न सक्ने वातावरण बनाउन निरन्तर खबरदारी गर्न आवश्यक छ। 'नागरिकले स्थिरताका लागि ठुलो अवसर दिएका छन्। त्यसलाई सम्हाल्न सके सकारात्मक परिणाम आउँछ। तर, अवसरसँगै जोखिम पनि त्यत्तिकै ठुलो छ। सम्हालिएर अघि बढे मात्रै यसको लाभ लिन सकिन्छ,' उनले भने।

जेन–जी...

पृष्ठ १ बाट क्रमशः

कारण बालेन शाहप्रति युवा पुस्तामा आकर्षण बढ्नु र नयाँ नेतृत्वको खोजीले पनि रास्वपाले धेरै मत आर्जित गरेको उनको भनाइ छ।

गत २३ भदौमा संसद्का ठुला दल कांग्रेस र एमाले मिलेर बनेको सरकारविरुद्ध जेन-जीले गरेको आन्दोलनमा सुरक्षा बलको बल प्रयोग हुँदा गोली लागेर १९ जनाको ज्यान गएको थियो। त्यसको भोलिपल्ट देशभर फैलिएको आन्दोलनपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका थिए। त्यसपछि जेन-जी अगुवाकै प्रस्तावअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा चुनावी सरकार गठन भएको थियो। यसरी सम्पन्न निर्वाचनमा ओलीले झापा ५ मा रास्वपाका उम्मेदवार बालेन शाहको तुलनामा न्यून मत पाएका छन्।

सुशीला कार्की सरकारले २३ र २४ भदौको घटनालाई जेन-जी आन्दोलन भनेर स्वीकार गरेको थियो। विगतमा भएका राजनीतिक आन्दोलनजस्तै जेन-जी आन्दोलन निर्वाचनको मतपरिणामार्फत अनुमोदित भएको छ।

नेकपा संयोजक प्रचण्ड रुकुम पूर्वबाट निर्वाचित, लगातार पाँचौंपटक संसद्मा

विजयपछि रुकुम पूर्वमा र्‍याली निकाल्दै नेकपा

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संयोजक पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्वबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। प्रचण्डको यो पाँचौं संसद् यात्रा हो। शुक्रबार साँझ सार्वजनिक मतपरिणामअनुसार उनी १० हजार २४० मतसहित निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी एमालेका लीलामणि गौतमले तीन हजार ४६२ मत पाए। कांग्रेसकी कुसुमदेवी थापाले तीन हजार ८१, रास्वपाका लखनकुमार थापाले ८१९ र प्रगतिशील लोकतान्त्रिक पार्टीका सन्दीप पुनले २०३ मत पाए। रुकुम पूर्वमा प्रचण्डसहित ११ उम्मेदवार थिए।

प्रचण्ड ०६४ को संविधानसभा निर्वाचनमा काठमाडौं १० र रोल्पा २ तथा ०७० को दोस्रो संविधानसभामा सिराहा ५ बाट निर्वाचित भएका थिए। त्यस्तै, २१ मंसिर ०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन ३ र ४ मंसिर ०७९ को प्रतिनिधिसभा निर्वाचनमा गोरखा २ बाट निर्वाचित भएका थिए।

कालीकोटमा पनि नेकपाकै शाही

एक निर्वाचन क्षेत्र रहेको कालीकोटमा पनि नेकपाकै महेन्द्रबहादुर शाही प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन्। उनी अघिल्लोपटक पनि तत्कालीन माओवादीबाट कालीकोटबाटै निर्वाचित भएका थिए। शुक्रबार राति सार्वजनिक मतपरीणामअनुसार शाहीले निकटतम् प्रतिस्पर्धी एमालेका नगीन्द्र शाहीलाई ९८६ मतान्तरले हराएका हुन्। शाही ११ हजार ३३८ मतसहित निर्वाचित हुँदा निकटतम् प्रतिस्पर्धी नगीन्द्रले १० हजार ३५२ मत पाएका थिए। त्यस्तै, कांग्रेसका हर्षबहादुर बमले सात हजार १३३ मत मात्र पाए।

पूर्वप्रधानमन्त्रीमध्ये म मात्र निर्वाचित हुने अवस्था आयो, अब नयाँ र पुराना दलका संरक्षक म नै हो : प्रचण्ड

नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं रुकुम पूर्वबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पुष्पकमल दाहाल प्रचण्डले नयाँ र पुराना दलहरूको संरक्षक आफू नै रहेको बताएका छन्। प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मतदाता धन्यवाद र्‍यालीलाई रुकुमकोटमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। वरिष्ठ नेताहरूमध्येमा जनताले आफूलाई मात्र जिताएर पठाएको कारण अब सबै दलको संरक्षणको काम आफूले गर्ने उनको भनाइ छ।

'अहिले देशमा राष्ट्रिय स्वतन्त्र पार्टीको लहर चलेको छ। त्यसको जिम्मा पनि आफूले नै लिनुपर्दछ भन्ने कुराको महसुस गरेको छु,' उनले भने। हिजो एमाले-कांग्रेसलाई दुईतिहाइको अहंकार नगर्नुस् है गल्ती हुन्छ भनेर बारम्बार संसद्मा बोलिरहेको बताउँदै भ्रष्टाचारविरुद्ध लड्दै गर्दा, विकास र समृद्धिका लागि लड्दै गर्दा संख्याको अहंकारले आफूलाई बाहिर पठाएको उनले स्मरण गरे।

संयोजक प्रचण्डले भने, 'त्यही वेलामा मैले चुनौतीका साथ भनेको थिएँ संख्याले केही नापिँदैन। बंगलादेशमा एउटै पार्टीको दुईतिहाइ हुँदा पनि हालत के भयो देखिएकै छ।' अहिले विजयी हासिल गरेका नयाँ पार्टीलाई बधाई दिँदै उनले त्यही अहंकार नयाँ दलले दोहोर्‍याए भने देशका लागि दुर्भाग्य हुन जाने उनको चेतावनी छ। धेरै सिट ल्याएका दलहरूलाई अहंकारबाट बच्न उनले अनुरोध गरेका छन्। 'मेरो इतिहासको आधारमा म तपाईंहरूका लागि धेरै ठुलो गुरु हुन सक्छु,' संयोजक प्रचण्डले भने, 'तपाईंहरूको जस्तै लहर मैले ०६४ मै देखिसकेको छु।' त्यसैले नयाँ दलहरूलाई पनि आफूले राम्रोसँग नेतृत्व दिनुपर्दछ भन्ने महसुस गरेको भनाइ उनको थियो। रुकुम पूर्वले भारी मतले यो निर्वाचनमा जिताएर ठुलो भारी बोकाएको बताउँदै संयोजक दाहालले देशकै ठुलो जिम्मेवारी काँधमा आएको महसुस गरेको बताए।

पूर्वप्रधानमन्त्रीहरूमध्येमा अहिले आफू मात्र विजयी हुने विचित्रको स्थिति आएको बताउँदै उनले इतिहासलाई बोकेर हिँड्नुपर्ने बताए। जनयुद्ध र जनआन्दोलनको इतिहास, शान्ति प्रक्रिया टुंग्याएर यो देशमा स्थायित्वको निम्ति भए पनि आफूले निकै ठुलो भारी बोक्नुपर्ने स्थिति आएको उनको भनाइ छ।

राजतन्त्र पक्षधर शक्तिलाई अस्तित्वकै संकट

काठमाडौं/ नयाँ राजनीतिक लहरले गणतन्त्रविरोधी एजेन्डा बोकेका शक्तिलाई पनि कडा धक्का दिएको छ। प्रारम्भिक मतपरिणामले राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा उभिँदै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को प्रत्यक्षतर्फ कमजोर प्रदर्शन देखिएको छ। पार्टी अध्यक्षदेखि प्रमुख नेतासम्म पछाडि परेपछि राप्रपामाथि अस्तित्वकै संकट देखिएको छ।

यसअघि १७ सिट जितेको राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन पछिल्लो मतगणनामा निकै पछि छन्। राप्रपा पूर्वअध्यक्ष कमल थापा काठमाडौं ५ मा पराजित भएका छन्। जुम्लामा नेता ज्ञानेन्द्र शाहीले अग्रता हासिल गरे पनि अन्य नेता निकै पछि छन्।

गणतन्त्रपछिका सरकारमा सहभागी हुँदै आए पनि राप्रपाले आफूलाई राजनीतिक प्रणालीको प्रतिपक्षी भन्दै आएको छ। 'सिस्टमकै प्रतिपक्षी थियौं, हामी कमजोर भयौं,' राप्रपा प्रवक्ता मोहन श्रेष्ठले भने, 'समान विचार भएकाहरूको बिचमा एकता हुन सकेन। चुनाव पछि सार्न राजाबाट आग्रह भएपछि यसको असर पार्टीभित्रको एउटा तप्कामा पर्‍यो र त्यो तप्काले निष्क्रियता देखायो। यावत् कारणले हामी कमजोर भयौं।' कांग्रेस, एमाले, नेकपाको कमजोरीको मारमा पनि राप्रपा परेको उनको टिप्पणी छ।

'हामीले समग्रतामा पछिल्लो परिवर्तनको जनमतलाई सम्बोधन गर्न सकेनौं। निर्वाचनमा जे परिणाम भए पनि राजनीतिक प्रतिपक्षी हामी हौं भन्ने हाम्रो दाबी छ,' श्रेष्ठले भने। ०६४ को चुनावमा चार सिट, ०७० को निर्वाचनमा समानुपातिकतर्फ मात्रै २४ सिट, ०७४ को निर्वाचनमा एक सिट र ०७९ को चुनावमा राप्रपाले १४ सिट जितेको थियो।

पछिल्लो चुनावी धक्कापछि पार्टीमा नीतिगत, संरचनागत र वैचारिक विषयमा समीक्षा गर्नुपर्ने अवस्था आएको प्रवक्ता श्रेष्ठले बताए। यसबारे छलफल हुने उनको भनाइ थियो।

मनाङ, मुस्ताङ, रसुवामा कांग्रेस विजयी

काठमाडौं/ अघिल्लो संसद्को सबैभन्दा ठुलो दल कांग्रेसले मनाङ, मुस्ताङ र रसुवामा जित निकालेको छ।

मनाङमा टेकबहादुर गुरुङ, मुस्ताङमा योगेश गौचन थकाली र रसुवामा मोहन आचार्य प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्। गुरुङ ०७० र ०७९ मा सांसद निर्वाचित भएका थिए भने थकालीको संसद् यात्रा ०७९ बाट भएको हो। आचार्य ०७४ मा सांसद बनेका थिए।

मनाङमा गुरुङ दुई हजार ४१५ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी नेकपाका यशोदा गुरुङ (सुवेदी)ले ४५४ मत पाइन्। त्यस्तै, मंगोल नेशनल अर्गनाइजेसनका रामबहादुर घलेले नौ मत मात्र पाए।

त्यस्तै, मुस्ताङमा गौचन तीन हजार ३०७ मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी एमालेका इन्द्रधारा डाडु विष्टले एक हजार ८०६ मत प्राप्त गरिन्। रास्वपाका अधितीय चन्द्र थकालीले ७५९, राप्रपाकी कमला लालचनले १६१, नेकपाका ङुटुक गुरुङले १५१, उज्यालो नेपालका सुरेन्द्र शेरचनले ८५, आमजनताका अजय विकले नौ तथा मंगोल नेसनल अर्गनाइजेसनका यमबहादुर गुरुङले तीन मत पाएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख लोकेन्द्रबहादुर ज्ञवालीले बताए।

मुस्ताङमा कुल ११ हजार ३२८ मतदाता रहेकामा ५६.४५ प्रतिशत मत खसेको थियो। खसेकोमध्ये १०७ मत बदर भएको छ। योगेश कांग्रेस मुस्ताङका पूर्वजिल्ला सभापति तथा पूर्वमन्त्री रोमी गौचन थकालीका छोरा हुन्। भारतमा ब्याचलर अफ बिजनेस म्यानेजमेन्ट अध्ययन गरेका योगेश राजनीतिसँगै गेस्टहाउस, होटेल तथा ट्राभल्स कम्पनीलगायत व्यवसायमा पनि संलग्न छन्।

त्यसैगरी, रसुवामा कांग्रेसका आचार्य १० हजार ६५६ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी रास्वपाका वसन्त भट्टले पाँच हजार ५७१ मत पाए। बिहीबार भएको चुनावमा रसुवामा ४१ हजार ४७१ मध्ये २५ हजार १३६ मत खसेको थियो।

कास्की २ र ३ तथा मोरङ ४ मा पनि रास्वपा

रास्वपाका उत्तमप्रसाद पोखरेल कास्की २, विना गुरुङ कास्की ३ र सन्तोष राजवंशी मोरङ ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। शुक्रबार मध्यराति सार्वजनिक नतिजाअनुसार रास्वपाका पोखरेल३१ हजार ९११ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी एमालेका रश्मी आचार्यले ७ हजार ४९३ मत मात्र पाए। त्यस्तै, कास्की ३ मा गुरुङले २४ हजार ९७० मतान्तरले विजयी भएकी हुन्। गुरुङले ३७ हजार ७५० मत ल्याउँदा निकटतम प्रतिस्पर्धी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० मत पाए। एमालेका दामोदर पौडेल बैरागीले सात हजार ९०६ मत पाए। त्यस्तै, मोरङ ४ मा राजवंशी ४० हजार ८३३ मतसहित विजयी भएका हुन्। उनका निटतम प्रतिस्पर्धी कांग्रेसका गुरुराज घिमिरेले १२ हजार ८१८ मत पाए। नेकपाका अमनलाल मोदीले १० हजार ७६२ मत मात्र पाए।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झन्‌नयाँ
शनिबार २३ फागुन ०८२
nayapatrikaofficial @naya_patrika

सन्तानकाको भविष्यका लागि खाडीमा खटिएका आमाहरू

आमाहरू खाडीमा पसिना बगाइरहेका छन्, तर नेपाल फर्किंदा कतिपयलाई सन्तानले नै चिन्दैनन्

● शान्ति तामाङ

कुमारी लामा (४६) का दिनहरू सामान्य चलिरहेको थिए । गत शनिबार उनी दिनभर काम गरेर कोठा फर्किइन् । उनको फोनमा नोटिफिकेसन आउन थाल्यो । भनिएको थियो, 'दुबईको विभिन्न भागमा मिसाइल प्रहार भयो ।' युएईको आज्मानमा बस्ने उनको मथिंगल हल्लिन थाल्यो । डरले एकछिन अलमल भइरहिन् । उनको योजना थियो, अझै केही वर्ष युएईमा बस्ने । तर, मिसाइल प्रहार हुन थालेपछि युएईको बसाइमा पूर्णविराम लागेको सोच्न थालिन् । 'आबुधाबीमा फायर भएको, मंगलबार राति गोलाबारुध पड्किएको कुरा नेपाली साथीहरूबाटै थाहा पाएँ । गोरखाको एकजनाको मृत्यु भएको कुरा थाहा पाएँ । यहाँ नेपालमा जस्तो सबै कुरा तुरुन्तै थाहा पाइँदैन । कसैले भन्दैनन् । लेख्दैनन् पनि,' उनी भन्छिन्, 'अहिलेसम्म त सुरक्षित नै छु । दुबई र आबुधाबीमा बस्ने साथीहरूचाहिँ एकदमै डराइरहनु भएको छ ।'

अमेरिका र इजरायलले संयुक्त रूपमा इरानमा आक्रमण गरेपछि त्यसको तरंग विश्वभर फैलिएको छ । इरानले पनि खाडी राष्ट्रमा रहेका अमेरिकी सैन्य अखडामा आक्रमण गर्न थालेपछि त्यहाँ रहने नेपाली कामदार त्रसित छन् । मोरङकी लामाजस्ता धेरैलाई अहिले आफू कसरी सुरक्षित हुनेभन्दा पनि छिट्टै घर फर्किनुपर्ला भन्ने पीडाले सताएको छ ।

उनी युएई गएको सात वर्ष भयो । श्रमिकको रूपमा वैदेशिक यात्रामा हिँड्न थालेको दुई दशक नाघ्यो । सन् २००५ मा घरेलु कामदारको रूपमा कुवेत पुगेकी उनलाई पहिलोपटक देश छाड्नको तिथिमिति याद छ । वैदेशिक रोजगारीकै लागि मलेसिया गएका श्रीमान् बिरामी भएर नेपाल फर्किएपछि छोराछोरी पढाउन र घरव्यवहार चलाउन उनी कुवेत पुगेकी थिइन् । २१ वर्षअघि कुवेत पुग्दा ६ महिनासम्म उनले नेपाली नै देखिनन् । ६ महिनापछि पहिलोपटक एकजना नेपाली देख्दा उनी अत्तालिन् । उनलाई संसारै देखेजस्तो भयो । बुबाआमा नै भेटेजस्तो लाग्यो । 'दाइ...' भन्दै दौडिँदै बोल्न गइन् । तर, ती व्यक्तिले उनलाई भने, 'बहिनी मलाई दाइ भनेर नबोलाऊ । तिम्रो साहुनीले देख्यो भने मार्छ ।' त्यसपछि उनीहरूबिच अरू कुराकानी भएन । कुवेतमा उनले पाँच वर्ष बिताइन् ।

उनी वैदेशिक रोजगारमा रहँदा तीन छोराछोरीलाई श्रीमान् र माइती मिलेर हेरचाह गरे । 'तीन छोराछोरीलाई खेतीपाती गरेर पढाउन सक्ने मेरो क्षमता थिएन । खेतीले खानु कि बच्चा पढाउनु भयो । त्यसपछि श्रीमान्सँग सल्लाह गरेर घरबाट निस्किएँ,' उनले भनिन् । उनी विदेशमा बसेर पैसा कमाउन थालेपछि छोराछोरीलाई पढाउन सजिलो भयो । जहाँ बसेर पढ्छु भने पनि पढाउन सकिने अवस्था बन्यो । आर्थिक रूपमा सजिलो त भयो, तर तीन ससाना सन्तान छोडेर काम गर्न उनलाई सजिलो भएन । अहिलेजस्तो सञ्चार प्रविधिको सुविधा थिएन । 'छोराछोरीका लागि पराइ भूमिमा यहाँको पानीबराबर आसु बगाएँ । तर, रुन पनि राम्रोसँग पाइनँ । ट्वाइलेटमा गएर थुप्रै दिन रुँदै कटाएँ,'उनले भनिन्, 'मैले दुःख गरेअनुसार छोराछोरीलाई शिक्षादीक्षा दिन र घर चलाउन सहज भएको देख्दा खुसी नै लाग्छ ।'

उनकी जेठी छोरी हिरादेवी लामा अहिले पूर्ण छात्रवृत्तिसहित अमेरिकाको वासिङटन विश्वविद्यालयमा टिचिङ असिस्टेन्टको रूपमा पढाउँदै छिन् ।

कुवेतबाट फर्केपछि २०११ देखि ०१६ सम्म मलेसिया बसिन् । ०१७ मा नेपाल फर्किइन् । त्यसपछि उनी अहिलेसम्म युएईमै छिन् । अचानक युद्ध सुरु भएपछि नेपाल फर्किनुपर्ने हो कि भन्ने डर उनलाई लागेको छ । 'नेपाल गएर पनि के गर्नु । भनेजस्तो काम पाइँदैन । दुई-चार वर्ष अझै यतै बसेर कमाउन पाए छोराछोरीलाई आफ्नो खुट्टामा उभ्याउन सकिन्थ्यो कि ! घरपरिवार चलाउन थप सजिलो हुन्थ्यो भन्ने लागेको हो,' उनले थपिन् ।

दुबईमै बस्ने मोती अधिकारी(४५)लाई आफू बस्ने ठाउँको अवस्था ठिकठाकै लागेको छ । उनी आफू सुरक्षित नै रहेको ठान्छिन् । 'हामी बसेको भन्दा एक-ढेड घण्टा टाढा अलिअलि गोला बारुध फ्याँकेको छ । दुबईले उडाइदिएको छ । अरू मान्छेले झुटो कुरा फैलाएको हो । दुबईले हान्यो भने हामीलाई डर हुने हो । दुबईले हानेको छैन । त्यसैले ठिकै छ,' उनले भनिन् । कुवेत, ओमान हुँदै दुबई पुगेकी उनी एकल आमा हुन् । उनी वैदेशिक रोजगारीको यात्रामा निस्केको दुई दशक नाघ्यो ।

१६ वर्ष मै विवाह भएको उनले नेपालमा सुखको अनुभूति गर्न पाइनन् । दिनरात श्रीमान्को घरेलु हिंसा झेलिन् । समाजको डरले उनले श्रीमान् लाई चटक्क छोड्न पनि सकिनन् । ससाना कुरामै पिटाइ खाँदै बसिन् । एक्कासि उनको श्रीमान्ले आत्महत्या गरे । त्यसवेला उनी २३ वर्षकी थिइन् । छोराछोरी पाल्नकै लागि उनी घरेलु श्रमिकको रूपमा काम गर्न कुवेत आइन् । 'श्रीमान् बित्नुभयो । छोराछोरी पढाउन गाह्रो भयो । बस्ने वास पनि थिएन । छोराछोरीकै लागि म विदेश आएँ,' उनले भनिन् ।

श्रमिकको रूपमा उनी कुवेत पुग्दा छोरी जम्मा दुई वर्षकी थिइन् । दुध खाने छोरी र आमाको काख खोज्ने उमेरको छोरालाई छोडेर उनी वैदेशिक रोजगारीको यात्रामा निस्केकी थिइन् । उनले भाषा नजान्दा चम्चाभन्दा चक्कु लगिन् । आठजना बच्चा हेरिन् । बच्चाले बदमासी गरे पनि उनैले दोष खेपिन् । बिस्तारै भाषा बुझ्न थालेपछि उनले काम गर्ने घरबाट माया पाउन थालिन् । विदेशीका बच्चा स्याहार्दा आफ्नो बच्चा सम्झिएर उनी धेरै रोइन् । 'घरमा फोन गर्दा नरोएको दिन हुँदैनथ्यो । छोराछोरीको सम्झनाले धेरै रोएँ । यसरी नै दुई वर्ष बित्यो,' उनले भनिन् ।

कुवेतमै छँदा उनलाई टाउको दुख्ने रोगले सतायो । जस्तोसुकै स्वास्थ्य समस्या आए पनि उनको उद्देश्य थियो, महिनाभर काम गरेर पैसा कमाउने, छोराछोराको पढाइका लागि नेपाल पठाउने । उनको अर्को उद्देश्य पनि थियो, आफ्नै कमाइले घर बनाउने । तर, उनले सोचेजस्तो भएन । 'आफू अंग्रेजी नजाने पनि छोराछोरीलाई बोर्डिङमा पढाएँ । मैले नपढेकाले घरमा काम गर्नुपर्‍यो । उनीहरूले कुर्सीमा बसेर काम गरून् भनेर पढाएँ, 'उनले भनिन्, 'तर छोराछोरीले राम्रोसँग पढेनन् । दुःख बुझेनन् । दुःख नबुझ्दा मेरो मन टुट्यो ।'

स्याङ्जाकी देविका न्यौपाने(४३) दुबई बस्न थालेको करिब १५ वर्ष भयो । खाडी देशमा देखिएको तनावका कारण उनी पनि चिन्तित छिन् । उनलाई अझै केही समय दुबईमै बस्न मन छ । केही कमाउनु छ । छोराछोरी दुवै आत्मनिर्भर भएको हेर्ने रहर छ ।

दुबई आउनुअघि उनको श्रीमान् कतार गएका थिए । कतारमा चार वर्ष बसेपछि उनको श्रीमान् बिरामी भएर नेपाल फर्किए । त्यसपछि देविकाको यात्रा दुबईतर्फ मोडिएको थियो । दुबई जानुको उनको पनि उद्देश्य थियो, पैसा कमाएर छोराछोरीलाई राम्रो शिक्षा दिने, घर-व्यवहार सहज रूपमा चलाउने । एउटी आमा भएकाले चटक्क घर छोडेर हिँड्न उनलाई सहज थिएन । १० वर्षको छोरा र ५ वर्षकी छोरीलाई आमाजु र श्रीमान्सँग छोडेर उनी विदेश लागिन् ।

उनको पनि सुरुवाती दिन निकै कष्टकर भयो । नयाँ ठाउँ, नयाँ मान्छे, नयाँ तरिका, भारी मन । अहिलेजस्तो सामाजिक सञ्जाल र फोनको व्यवस्था थिएन । 'बच्चालाई आफ्नै आमाले हेरेजस्तो के हुन्थ्यो । मैले यता संघर्ष गरेँ । उनीहरूले पनि नेपालमा बसेर संघर्ष गरे,' उनले भनिन् ।

अहिले उनको श्रीमान् घरमै खेतीपाती सम्हालेर स्याङ्जा बस्छन् । छोराछोरी पढ्न काठमाडौं बस्छन् । चारजना तीनतिर भएका छन् । पारिवारिक बिछोडका बाबजुद छोराछोरीलाई राम्रो शिक्षा दिन पाउँदा पीडामा मलम लगाएजस्तो भएको छ ।

काभ्रेकी सपना मोक्तान लामा(३१) बहराइन पुगेको १४ महिना भयो । उनी बस्ने जुफेरमा अमेरिकाको सैन्य बेसक्याम्प छ । जुफेरमा बस्न असुरक्षित भएपछि उनीलगायतलाई कम्पनीले सुरक्षित ठाउँमा राखेको छ । तर, मिसाइल विस्फोटको आवाज भने उनी सुनिरहन्छिन् । मनमा त्रास बढेको छ । 'एक-दुई घण्टा केही नभएजस्तो हुन्छ । फेरि के-के पड्केको आवाज आइहाल्छ,' उनले भनिन् ।

आठ वर्षकी छोरी सासूको जिम्मा लगाएर उनी वैदेशिक रोजगारीमा लागेकी हुन् । उनको श्रीमान्सँगको सम्बन्ध कहिल्यै राम्रो भएन । श्रीमान्ले छोरीलाई पनि वास्ता गरेनन् । त्यसैले छोरीको भविष्यका लागि उनी बहराइन गइन् । तर, अहिले अवस्था ठिक नहुँदा उनी अन्योलमा छिन् । 'कति वेला के हुन्छ भन्ने थाहा छैन । त्रासमै छौँ, डराएर-कराएर पनि केही हुन्न,' उनले भनिन् । छोरीसँग उनको दैनिकजसो कुरा हुन्छ । उनको पनि उद्देश्य छोरीलाई राम्रो शिक्षादीक्षा दिनु हो । दुई वर्षको श्रमसम्झौता गरेर बहराइन गएकी उनलाई अहिलेको माहोलले त्रसित बनाएको छ । छोरीलाई भनेजस्तो गर्न नसक्ने हो कि भन्ने पिरले सताउँछ ।

धादिङकी सबिना तामाङ(३०) कतार गएको दुई वर्ष नाघ्यो । उनको नेपाल फर्किने वेला भएको थियो । तर, अवस्था एकाएक असामान्य बन्यो । घरको आर्थिक अवस्था सुधार्न र छोराको राम्रो शिक्षाका लागि भन्दै उनी कतार उडेकी थिइन् । उनको श्रीमान् धादिङमै पसल चलाउँछन् । सात वर्षका छोरा माइतीमा छन् । उनी बहराइनमा । तीनजनाको परिवार तिनतिर भएको छ । 'छोरा माइतीमा बसेर पढेको छ । फर्किने वेला भएको थियो । तर, अहिले अवस्था यस्तो भयो । बम पड्केको आवाज सुनिन्छ । अहिलेसम्म त सुरक्षित नै छौँ,' उनी भन्छिन् ।

०००

वैदेशिक रोजगार विभागका अनुसार बर्सेनि ६० हजार महिला श्रमका लागि बिदेसिरहेका छन् । गत वर्षको तथ्यांकअनुसार तीन वर्षमा २१ लाख ४२ हजार नेपाली प्रवासिएका छन् । जसमध्ये दुई लाख महिला छन् । यो तथ्यांक श्रम स्वीकृति लिएर जाने महिलाको मात्रै हो । दुई लाखमध्ये कतिजना सन्तान छाडेर गएका आमाहरू हुन् भन्नेबारे कुनै पनि निकायले तथ्यांक राखेको देखिन्न । खाडी मुलुकमा पुगेका अधिकांश महिलाहरू घरेलु कामदारको रूपमा जान्छन् ।

वैदेशिक रोजगारमा श्रमिकको रूपमा जाने आमाहरू तेहेरो मारमा पर्ने सरोकारवालाहरूको बुझाइ छ । मध्यपूर्वका नेपाली श्रमिकहरूको विषयमा विद्यावारिधि गरेकी अनुसन्धानकर्ता डा. विभूति भट्टराई वैदेशिक रोजगारमा गएका श्रमिक आमाहरूले पारिवारिक विखण्डन भोगिरहेको र बच्चा र आमाबिचको दूरी डरलाग्दो गरी बढिरहेको बताउँछिन् । 'अनुसन्धानको क्रममा विदेशमा आमाहरू बच्चा सम्झेर रोइरहेको धेरै भेटेँ । श्रीमान्ले छोडेको, मृत्यु भएको, पारिवारिक अपहेलनामा परेर वैदेशिक रोजगारमा गएका महिलाहरूको अवस्था फरक छ । जो श्रीमान्को आर्थिक अवस्था कमजोर भएर, स्वेच्छाले गएका छन्, ती महिलाको हकमा पारिवारिक विखण्डनको कुरै नगरौँ,' उनले भनिन्, 'मातृत्व नै विखण्डित हुँदै गएको देखिन्छ । आमाहरू बच्चाका लागि खटिएका हुन्छन् । बच्चाहरू आमाको आधारभूत मायाबाट टाढिँदै गइरहेका छन् । त्यसले एक खालको मनोविज्ञान निर्माण गर्छ । समाज र परिवारले 'तेरी आमा निष्ठुरी नै हो' भन्ने बनाइदिने हुन्छन् । बच्चाले आमा मेरै लागि गएको हो भन्ने बुझ्न र सोच्न सक्दैन । त्यसले बच्चा र आमाबिचमै दूरी सिर्जना गर्ने डरलाग्दो अवस्था छ ।'

उनका अनुसार पारिवारिक आत्मीयता, बच्चा र आमाबिचको सम्बन्धमा वैदेशिक रोजगारीले ठुलो खाडल सिर्जना गरेको छ । जुन व्यक्त गर्न सक्ने अवस्था नै छैन । 'आमा बच्चाको गुणस्तरीय शिक्षा, स्वास्थ्यका लागि खटेको हुन्छ । आफ्नो छोराछोरीका लागि जे पनि गर्ने हो भन्ने हुन्छ । यता बच्चाले आफ्नोपन नै नपाउने, आमा नेपाल आउँदा पनि नचिन्ने अवस्था छ । चिने पनि काखमा आउँदैन । काखमा आए पनि नजिक हुन्न । त्यो कुराले दिदीबहिनीहरू रुन्छन् । उनीहरूले त्यो पीडा व्यक्त गर्ने सकिरहेका छैनन्,' उनले भनिन् ।

आप्रवासनविज्ञ सरु जोशी श्रेष्ठलगायतको टोलीले गरेको एक अध्ययनअनुसार वैदेशिक रोजगारमा गएका आमाबुबाको छोराछोरीमा अन्य बालबालिकाको तुलनामा धेरै समस्या देखिएको छ । 'हामीले गरेको अध्ययनमा विदेश रहेका बुबाआमाको छोराछोरीहरूमा पढाइमा बेवास्ता गर्ने, नहाँस्ने, जाँगर नदेखाउने, आफ्नो स्वास्थ्यको पनि ख्याल नगर्नेजस्ता समस्या देख्यौँ,' श्रेष्ठले भनिन् ।

खाडी मुलुकमा धेरैजसो महिला घरेलु श्रमिकको रूपमा जाने र गैरकानुनी बाटोबाट जाने भएकाले थप समस्या भोग्नुपर्ने बताइन् । युद्धको वेला उनीहरू थप मारमा पर्न सक्नेसमेत उनको बुझाइ छ । 'युद्धको समयमा सरकारले सूचना र जानकारीका लागि हटलाइन फोन नम्बर, गुगल फर्मको व्यवस्था गरेको छ । यी कुरा अहिले उनीहरूको नेटवर्कले पुर्‍यायो भने मात्र हो, होइन भने सही सूचना पाउन सक्दैनन् । सही सूचना नपुग्दा के भएको हो भन्ने उनीहरूलाई थाहै हुँदैन,' उनले भनिन्, 'उनीहरू अहिले आत्तिरहेका छन् ।'

डा. भट्टराई वैदेशिक रोजगारीमा पठाउने प्रक्रियामा पुनर्संरचना र पुनः इन्जिनियरिङ गर्नुपर्ने बताउँछिन् । 'नेपालको अर्थतन्त्रको सबैभन्दा ठुलो प्राणवायु रेमिट्यान्स हो । त्यसैले नेपालले वैदेशिक रोजगार नीति, ऐन, नियमहरू नै परिवर्तन गर्नुपर्छ । उनले भनिन्, 'एकातिर रेमिट्यान्स भित्र्याइरहने । अर्कोतिर, श्रमिकको हकहितमा काम नगर्ने त मिलेन नि । यद्यपि, प्रयासचाहिँ केही भएको देखिन्छ । वैदेशिक रोजगार नयाँ नीति जारी भएको छ । त्यसमा श्रमिकलाई केन्द्रमा राखेर काम भएको देखिन्छ । तर, वैदेशिक रोजगार ऐन र नियमावलीमा परिवर्तन नहुन्जेल त्यो नीतिले खासै फरक पार्ने देखिँदैन ।'

अहिलेको प्रणालीबाट विश्वस्त हुने ठाउँ नरहेको उनको बुझाइ छ । 'समाजको उत्पादन सम्बन्ध, उत्पादन प्रणालीले फरक पार्ने हुनाले यो प्रणालीमा सुधारात्मक काम मात्र हुन सक्छ । अहिलेको नवउदारवादी अर्थ-व्यवस्थामा श्रमिकले आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन पाउँछन् भन्ने लाग्दैन ।' उनले भनिन् ।

मानसिक अस्पताल लगनखेलमा कार्यरत वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रिस्ट डा. सुधा गौतम आमा विदेश जानु नै कठोर निर्णय भएको र त्यसले आमालाई त असर गर्छ नै बच्चाको मानसिक अवस्थामा नराम्रो प्रभाव पर्ने बताउँछिन् । उनका अनुसार मानसिक अस्पतालमै पनि यस्ता समस्या बोकेका धेरै बालबालिका र परिवार आउँछन् । 'आमाहरू सानो बच्चालाई घर वा माइतीको जिम्मामा छाडेर जान्छन् । त्यसपछि बच्चाले हेरविचार त पाउँछन्, तर कताकता खालीपना, न्यास्रोपनाले उनीहरू पीडित हुन्छन्,' गौतमले भनिन्, 'पढाइमा ध्यान नदिएको, पढाइ खस्केको, स्कुलको अतिरिक्त क्रियाकलापमा समेत ध्यान नदिने समस्या देखिएपछि हामीकहाँ आउने पनि छन् ।' आमाले नै छाडेर वैदेशिक रोजगारीमा हिँडेपछि त्यस्ता बालबालिकामा डिप्रेसनको उच्च सम्भावनासमेत देखिएको उनको भनाइ छ । भन्छिन्, 'बुबाले भन्दा आमाले छाडेर गएको बच्चाहरूमा डिप्रेसनको सम्भावना उच्च हुन्छ ।'

वैदेशिक रोजगार विभागका अनुसार बर्सेनि ६० हजार महिला श्रमका लागि बिदेसिइरहेका छन् । गत वर्षको तथ्यांकअनुसार तीन वर्षमा २१ लाख ४२ हजार नेपाली प्रवासिएका छन् । तीमध्ये दुई लाख महिला छन् । दुई लाखमध्ये कति सन्तान छाडेर गएका आमाहरू हुन् भन्नेबारे कुनै पनि निकायले तथ्यांक राखेको देखिन्न ।

सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

■ अनुसन्धानकर्ता
डा. विभूति भट्टराई भन्छिन्-

वैदेशिक रोजगारमा गएका श्रमिक आमाहरूले पारिवारिक विखण्डन भोगिरहेका छन् । बच्चा र आमाबिचको दूरी डरलाग्दो गरी बढिरहेछ । अनुसन्धानको क्रममा प्रवासमा आमाहरू बच्चा सम्झेर रोइरहेको धेरै भेटेँ । बच्चाहरू आमाको आधारभूत मायाबाट टाढिँदै गइरहेका छन् ।

■ आप्रवासनविज्ञ
सरु जोशी श्रेष्ठ भन्छिन्-

हामीले गरेको अध्ययनमा विदेशमा रहेका बुबाआमाका छोराछोरीहरूमा पढाइमा वास्ता नगर्ने, नहाँस्ने, जाँगर नदेखाउने, आफ्नो स्वास्थ्यको पनि ख्याल नगर्नेजस्ता समस्या देख्यौँ । अहिले युद्धको समयमा उनीहरू झन् आत्तिएका छन् ।

साप्ताहिक राशिफल

● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

२३ फागुन (शनिबार) – २९ फागुन (शुक्रबार)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धनसमेत कसिन सक्छ । लगनशीलताले सफलताको उचाइमा पुऱ्याउन सक्छ । आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ । साताको अन्त्यमा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । प्रेमीले नयाँ स्थानको भ्रमण गर्ने प्रस्ताव राख्न सक्छन् । नयाँ काममा जुट्ने समय छ । मित्रजनबाट साथ सहयोग मिल्ने देखिन्छ मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ । सप्ताहान्तमा सहयोगीहरू जुट्नेछन् र काम सफल हुनेछ । अर्थलाभ हुनाले दैनिकीमा परिवर्तन आउनेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)

भूमिको क्षेत्रमा लगानी गरेमा राम्रो हुनेछ । चिताएको काममा सफलता पाउनुहुनेछ । रोकिएका काम सम्पादन हुनेछन् । घरायसी सुखको अनुभूति हुनेछ । साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ । सप्ताहान्तमा भाग्यले साथ दिनेछ । सहयोगीहरू जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

यो साता बन्धुबान्धव, दाजुभाइ र साथीको सहयोग र हौसला मिल्नेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यसम्पादन हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । तोकेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । सप्ताहान्तमा कामको सन्दर्भमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पर्यटकीयस्थलको भ्रमणले मन लोभ्याउनेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । सानो प्रयत्नले ठुलो काम सम्पादन हुनेछ । व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् । लगनशीलताले नाम, दाम र इनाम दिलाउन सक्छ । मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । पारिवारिक भेटघाटको समय छ । प्रतिस्पर्धीहरूसमेत सहयोगीका रूपमा देखापर्नेछन् । विभिन्न भौतिक साधन जुट्नेछन् ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विगतमा दिएको वचन पूरा गरिनेछ । कुनै महत्त्वाकांक्षी योजना कार्यान्वयन गर्न गोपनीय बाटोमा हिँड्नु राम्रो हुनेछ । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् । सप्ताहान्तमा विद्यार्थीहरूका लागि सुखद समाचार आउला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । हाँकेका काममा सफलता आर्जन गर्न सकिनेछ । आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ । चिन्तन र विचारका बलमा समुदायमा आफ्नो साख जोगाउन सकिनेछ । प्रशंसकहरूले साथ दिनेछन् । बिहीबारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधानीका उपाय अवलम्बन गर्नुपर्ला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

उद्योग तथा बन्दव्यापारमा प्रशस्त फाइदा मिल्ने समय छ । कमाएको धन सञ्चित हुनेछ वा पारमार्थिक काममा लगानी गरिनेछ । पुरानो समस्यालाई निराकरण गर्ने उपाय सुझ्नेछ । पशुपालनको क्षेत्रमा राम्रो मुनाफा आर्जन गर्न सकिनेछ । लेनदेनमा सावधान नहुँदा बिचमा केही विवाद हुन सक्छ । सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पारिवारिक भेटघाटको समय छ । विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला । प्रतिष्ठित कामले आत्मविश्वास बढाउनेछ । पठनपाठनमा प्रगति हुनेछ । स्वादिष्ट भोजनको अवसर मिल्नेछ । सहयोगीहरूले सकेको सहयोग गर्नेछन् । सप्ताहान्तमा स्वास्थ्यमा मौसमी गडबडी देखापर्न सक्छ । सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)

बिग्रन लागेको कामबाट पनि धेरथोर लाभ नै मिल्नेछ । अरूको विश्वास जिते पनि आफन्तबाट धोका हुन सक्छ । कडा मिहिनेत र उचित सुझबुझका आधारमा प्रतिष्ठित काम गर्ने मौका छ । पढाइमा पनि राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान प्राप्त हुने योग छ । सप्ताहान्तमा आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सरकारी वा प्रशासनिक काममा सफलता मिल्नेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने गरेका कामबाट प्रशस्त लाभ मिल्नेछ । व्यापारमा प्रशस्त फाइदा हुने योग छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । उठ्नुपर्ने रकम हातलागी हुने समय छ । अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ । बिहीबारदेखि श्रम र व्यवसायबाट मनग्गे आम्दानी हुनेछ ।

दुब्लोपनबाट कसरी छुट्कारा पाउने ?

स्वास्थ्य

● डा. सुशील ढुंगेल
बी एन्ड बी अस्पताल

मोटोपन स्वास्थ्यका लागि राम्रो होइन । तर, समाजमा कतिपय व्यक्तिहरू दुब्लोपनका कारण पनि उत्तिकै समस्यामा परिरहेका छन् । वास्तवमा शरीर स्वस्थ राख्नका लागि उचाइअनुसारको सन्तुलित तौल आवश्यक हुन्छ । अत्यधिक मोटोपन वा अत्यधिक दुब्लोपन दुवै स्वास्थ्यका लागि हानिकारक हुन सक्छन् । विशेषगरी, पोषक तत्त्वको कमी, असन्तुलित खानपान तथा विभिन्न रोगका कारण मानिस दुब्लाउने गर्छन् । त्यसैले शरीरलाई सन्तुलित राख्न दैनिक जीवनशैली र खानपानमा विशेष ध्यान दिन आवश्यक छ ।

■ **क्यालोरीयुक्त खाना** : तौल बढाउन चाहने व्यक्तिले बिहानको समयमा सकेसम्म बढी क्यालोरीयुक्त खाना खानुपर्छ । बिहान खाएको खाना शरीरले राम्रोसँग उपयोग गर्ने भएकाले ऊर्जा उत्पादनमा सहयोग पुग्छ । समयमा खाना खाने बानी बसाल्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । दिनमा तीनपटक भोजन र बिचमा हल्का खाजा लिनु उपयुक्त मानिन्छ । शारीरिक परिश्रम धेरै गर्ने व्यक्तिलाई बढी क्यालोरी आवश्यक पर्छ । भात, गेडागुडी, दुध, पनिरलगायत डेरीजन्य पदार्थमा पर्याप्त क्यालोरी पाइन्छ । यी पदार्थ नियमित र सन्तुलित मात्रामा सेवन गर्दा तौल बढ्न मद्दत पुग्छ ।

■ **काजु र बदाम** : काजु र बदाममा प्रशस्त मात्रामा प्रोटिन, खनिज तत्त्व तथा फाइबर पाइन्छ । यिनले शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्नुका साथै तौल बढाउन सहयोग गर्छन् । काजुमा म्याग्नेसियम र क्याल्सियमजस्ता आवश्यक खनिज तत्त्व पाइन्छ, जसले हड्डी मजबुत बनाउनुका साथै मांसपेशीलाई स्वस्थ राख्न मद्दत गर्छ । यसमा प्राकृतिक एन्टिअक्सिडेन्ट पनि पाइने भएकाले विभिन्न रोगबाट बचाउन सहयोगी हुन्छ । बदाम नियमित खाँदा पाचनशक्तिमा सुधार हुन्छ ।

■ **गहुँको रोटी** : नियमित रूपमा गहुँको रोटी खाँदा पनि तौल बढाउन सकिन्छ । गहुँमा प्रोटिन, फ्याट र भिटामिन 'बी' पाइन्छ । यसमा पर्याप्त क्यालोरी हुने भएकाले ऊर्जा प्राप्त गर्न सकिन्छ । गहुँको रोटीलाई दाल, तरकारी वा घिउ मक्खनसँग सेवन गर्दा अझ बढी लाभ मिल्छ । तर, अत्यधिक सेवनले मोटोपन बढाउन सक्ने भएकाले सन्तुलन आवश्यक छ ।

■ **प्रोटिनयुक्त पदार्थ** : शरीरको वृद्धि तथा मांसपेशी विकासका लागि प्रोटिन अत्यन्त आवश्यक हुन्छ । माछा, मासु, अन्डा, दुध, दही आदि प्रोटिनका राम्रा स्रोत हुन् । यस्ता खाद्यपदार्थ नियमित खाँदा शरीरको तौल स्वस्थ तरिकाले बढ्न सक्छ । व्यायामसँगै प्रोटिनयुक्त भोजन लिँदा मांसपेशी बलियो बन्छ । दुब्लोपनबाहेक अन्य गम्भीर स्वास्थ्य समस्या छैन भने दिनमा तीन-चारवटा अन्डा खान सकिन्छ । अन्डामा प्रोटिन, क्याल्सियम, आइरन तथा विभिन्न भिटामिन पाइन्छन् । अन्डा उमालेर वा हल्का पकाएर खाँदा स्वस्थकर हुन्छ । मानसिक तनाव, मधुमेह, थाइराइडजस्ता समस्याका कारण पनि तौल घट्न सक्छ । केरा ऊर्जावर्द्धक फल हो, जसमा कार्बोहाइड्रेट, भिटामिन र खनिज तत्त्व पर्याप्त पाइन्छ । नियमित केरा खाँदा तौल सन्तुलित रूपमा बढ्न सहयोग पुग्छ । यसका साथै स्याउ, सुन्तलालगायत मौसमी फलफूल खानु लाभदायक हुन्छ ।

■ **प्रशस्त पानी पिउने** : शरीरलाई आवश्यक मात्रामा पानी नपुग्दा पनि कमजोरी र दुब्लोपन देखिन सक्छ । त्यसैले दैनिक कम्तीमा डेढ लिटरदेखि साढे दुई लिटरसम्म पानी पिउनु उपयुक्त हुन्छ । पानीले पाचन प्रक्रिया सहज बनाउनुका साथै शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ ।

■ **तौल कम हुनुको कारण** : उचाइअनुसार तौल हुनु स्वस्थ जीवनका लागि आवश्यक छ । उदाहरणका लागि, करिब पाँच फिट पाँच इन्च उचाइ भएको व्यक्तिको तौल करिब ६० केजी भएमा सामान्य मानिन्छ । यद्यपि, आवश्यकताभन्दा कम तौल हुनुका विभिन्न कारण हुन सक्छन् ।

पहिलो कारण वंशानुगत हुन सक्छ । दोस्रो, समयमा खाना नखानु, असन्तुलित आहार लिनु वा पोषक तत्त्वको कमी हुनु हो । तेस्रो, क्षयरोग, क्यान्सर, मधुमेह, डिप्रेसन, हाइपर-थाइराइडजस्ता रोगका कारण पनि तौल घट्न सक्छ । अत्यधिक धूम्रपान तथा मद्यपानले पनि शरीर कमजोर बनाउँछ । दुब्लोपनको समस्या भएमा लापरबाही गर्नुहुँदैन । सन्तुलित आहार, नियमित व्यायाम, पर्याप्त आराम र आवश्यक परे चिकित्सकको परामर्श लिनु उत्तम हुन्छ ।

नेपालमा निर्वाचन इतिहासदेखि वर्तमानसम्म

चुनाव

● कमलराज भट्ट

■ पहिलो निर्वाचन

२००४ सालदेखि २०८२ सम्म आइपुग्दा निर्वाचनको स्वरूप निकै परिष्कृत हुँदै गएको देखिन्छ । हरेक निर्वाचनले लोकतन्त्रलाई सुदृढ बनाएको तर शासन सञ्चालन गर्ने होडबाजी र दलहरूको लापरबाहीले लोकतन्त्रका सबै पक्ष सबल हुन नसकेको विज्ञहरूको बुझाइ छ । नेपालमा २००४ मा वैधानिक कानुन बनेपछि २९ जेठ २००४ मा काठमाडौं म्युनिसिपालिटी निर्वाचन भएको थियो । कानुनी रूपमा यो नै पहिलो निर्वाचन थियो । यसलगत्तै ललितपुर र भक्तपुर नगरपालिकाको निर्वाचन भएको थियो ।

■ ०१५ को चुनाव

बालिग मताधिकारको हिसाबले २०१५ को चुनाव पहिलो थियो । संसद्मा प्राप्त बहुमतको आधारमा सरकार निर्वाचित गर्ने र उक्त सरकारलाई निर्देशित गर्न राष्ट्रिय विधायिका (संसद्)को निर्वाचनको व्यवस्था गरियो । जसमा दुई सदन भएको संसद् रहने व्यवस्थाअनुसार तल्लो सदन प्रतिनिधिसभा जनताबाट प्रत्यक्ष निर्वाचित सदस्य रहने थलो मानियो भने उपल्लो सदन, जसलाई महासभा भनियो । सोको गठन प्रतिनिधिसभाले निर्वाचनबाट र राजाको मनोनयनबाट आधा-आधा गरी हुने व्यवस्था थियो ।

२०१५ फागुन ७ गतेदेखि २८ चैतसम्म विभिन्न चरणमा ४५ दिनमा निर्वाचन पूरा भएको थियो । निर्वाचन आयोगको व्यवस्था नभएकाले दुई सदस्यीय निर्वाचन कमिस्नर तोकिएको थियो । २८ वैशाखमा परिणाम घोषणा गरिएको थियो ।

प्रतिनिधिसभा १०९ सदस्यीय र महासभा (माथिल्लो सदन) ३६ सदस्यीय थियो । महासभामा १८ जना प्रतिनिधिसभाबाट र १८ जना राजाबाट मनोनीत हुने व्यवस्था थियो । महासभामा नेपाली कांग्रेसबाट १३, गोर्खा परिषद् ३, नेकपा १, संयुक्त प्रजातन्त्र पार्टी नेपालबाट १ जना निर्वाचित भएका थिए ।

प्रतिनिधिसभामा कांग्रेसले ७४ सिट जितेको थियो । कांग्रेसले १९ सदस्यीय प्रथम निर्वाचित मन्त्रिमण्डल गठन गरेको थियो ।

■ मतदाताको आधार

निर्वाचन कमिसनले २००८ कात्तिक १ गते २१ वर्ष वा सोभन्दा बढी उमेर भएका र २००७ साल माघ मसान्तभित्र नेपाल राज्यभित्र कमसेकम ६० दिन बसेका नेपाली नागरिकको नाम मतदाता नामावलीमा दर्ता गरिनेछ भन्ने इस्तिहार जारी गऱ्यो । त्यही आधारमा ००८ सालदेखि नै मतदाता सूची तयार गर्न थालियो । निर्वाचन प्रयोजनका लागि सुर्वणशमशेरलाई प्रधान निर्वाचन कमिसनर नियुक्त गरियो । प्रद्युम्नलाल राजभण्डारी निर्वाचन कमिस्नर नियुक्त भए । मतदाता ४२ लाख ४६ हजार ४६८ थिए । ४२.१८५ प्रतिशत मतदाताले मतदान गरेका थिए । यस निर्वाचनमा एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन पाउने व्यवस्था थियो ।

■ चुनाव प्रचार खर्च पाँच हजारसम्म

दलको तर्फबाट उठ्ने उम्मेदवारले चुनाव चिह्नबारे लोकलयमा आधारित गीत तयार गरी आआफ्ना क्षेत्रमा प्रचार गरेका थिए । उक्त निर्वाचनमा चुनाव प्रचारका लागि खर्चको अधिकतम सीमा पाँच हजार रुपैयाँ तोकिएको थियो । सरकारले पनि मतदाता शिक्षाका लागि गीत, लोकभाकाको प्रयोग गरेको थियो ।

०१७ पुस १ गते संसदीय व्यवस्था खारेज भयो । २०१९ मा नयाँ संविधान जारी गरेर पञ्चायती व्यवस्था लागू भयो । अप्रत्यक्ष निर्वाचन प्रक्रिया अवलम्बन गरियो । स्थानीय गाउँ, घर, एकाइमा प्रत्यक्ष निर्वाचनको व्यवस्था गरियो । त्यसभन्दा माथिल्लो तह जिल्ला, अञ्चल र केन्द्रीयस्तरमा समेत जनप्रतिनिधिको निर्वाचन अप्रत्यक्ष निर्वाचन पद्धतिबाट प्रारम्भ भयो । निर्वाचनका लागि वर्गीय संगठनको सहमतिमा मात्र उम्मेदवारी दिन पाउने कानुनी व्यवस्था गरियो । निर्वाचनपश्चात् सरकार निर्माण र प्रधानमन्त्रीको नियुक्ति राजाको स्वविवेकमा गरिने व्यवस्था लागू गरियो ।

पञ्चायती युग

■ निर्वाचन आयोगको व्यवस्था

नेपालको संविधान ०१९ अनुसार राष्ट्रिय पञ्चायत गठन गरियो । राष्ट्रिय पञ्चायतको निर्वाचनपछि २०२० साल वैशाख १ गते सिंहदरबार ग्यालरी हलमा पहिलो बैठक बस्यो । जुन ०४६ सम्म कायम रह्यो ।

पञ्चायती व्यवस्थामा व्यवस्थापिकाको सबभन्दा माथिल्लो तह राष्ट्रिय पञ्चायत हुने र सोको गठन देशभरिका १४ अञ्चलबाट प्रतिनिधि निर्वाचित हुने गरी तोकिएको थियो । १३५ सदस्यीय पञ्चायतमा राजाले निश्चित प्रतिशत मनोनीत गर्थे ।

प्रत्येक अञ्चल सभाले अञ्चल सभाका सदस्यमध्येबाट ९० जना राष्ट्रिय पञ्चायतका लागि सदस्य निर्वाचत गर्ने व्यवस्था थियो । निर्वाचन गर्दा अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था थियो । अञ्चल सभामा प्रत्येक अञ्चलमा रहेका जिल्ला पञ्चायतका सम्पूर्ण सदस्य रहने व्यवस्था थियो । अञ्चलाधीश नै निर्वाचन अफिसर नियुक्त भएका थिए ।

अञ्चल सभाले मेची ४, कोशी ५, सगरमाथा १०, जनकपुर ९, बागमती ११, नारायणी ६, गण्डकी ९, धौलागिरि ४, लुम्बिनी ८, कर्णाली ४, राप्ती ६, भेरी ५, सेती ५, महाकालीबाट ४ जना चुनेर राष्ट्रिय पञ्चायतमा पठाउँथ्यो । राष्ट्रिय पञ्चायत सदस्यको पदावधि ६ वर्ष थियो । राष्ट्रिय पञ्चायतमा वर्गीय र व्यावसायिक संगठनबाट पनि निर्वाचित हुने संवैधानिक प्रावधान थियो । किसान संगठनबाट ४ जना, युवक संगठनबाट ४, महिला संगठनबाट ३, मजदुर संगठनबाट २, नेपाल भूतपूर्व सैनिक संगठनबाट २ गरी १५ जना सदस्य निर्वाचित गरिन्थ्यो । अन्य राजाबाट नियुक्त गरिन्थ्यो । निर्वाचनमा वर्गीय संगठनबाट मतदाता हुन्थे । सरकारले नै निर्वाचन गराउँथ्यो ।

छुट्टै स्वतन्त्र निकायबाट निर्वाचन सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन हुनुपर्ने आवश्यकताका आधारमा ०१९ को संविधानमा १४ माघ २०२३ मा प्रथम संशोधन गरेर नेपालमा एक स्वतन्त्र संवैधानिक निकायको रूपमा निर्वाचन आयोगको व्यवस्था गरियो । आयोगको गठन, सदस्य संख्या र तिनीहरूको काम, कर्तव्य र कार्यविधि उल्लेख गरियो ।

राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनका लागि १३५ सदस्य तोकिएको थियो । जसमध्ये ७५ जिल्लाबाट ११२ प्रतिनिधि निर्वाचित हुने र राजाबाट २० प्रतिशतका दरले २३ सदस्य मनोनीत हुने व्यवस्था थियो ।

■ २०३६ को जनमतसंग्रह

पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने वा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने भनेर ०३६ सालमा राजा वीरेन्द्रले राष्ट्रिय जनमतसंग्रह गराए । चुनाव आयोगले १ जेठ ०३७ मा जनमतसंग्रहको परिणाम घोषणा गऱ्यो । संविधान संशोधनमार्फत पञ्चायती व्यवस्थामा सुधार गरियो । राष्ट्रिय पञ्चायतको निर्वाचन पहिलेजस्तो अप्रत्यक्ष नगरी प्रत्यक्ष गर्ने र बालिग मताधिकारबाट निर्वाचन हुने व्यवस्था गरियो ।

■ राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०३८

जनमत संग्रहपछि नेपालको संविधानमा तेस्रो संशोधन भयो । यसपछि राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन ०३८ सालमा भयो । निर्दलीय पञ्चायती व्यवस्थामा बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन भएको यो नै पहिलो निर्वाचन हुन पुग्यो । निर्वाचन आयोगले २७ वैशाख ०३८ मा अधिराज्यभर एकै दिन राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन सम्पन्न गर्ने घोषणा गऱ्यो । २० फागुनमा आयोगले जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोक्यो । उम्मेदवार हुन २५ वर्ष पुगेको हुनुपर्ने उमेरहद तोक्यो । सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सचिवलाई वर्गीय संगठनको सदस्यता प्रदान गर्ने व्यक्ति सरकारले २६ फागुनमा तोक्यो । सोही दिन उम्मेदवारका लागि तीन समूहमा निर्वाचन चिह्न तोक्यो । यस निर्वाचनपछि राजाले २८ जना मनोनीत गरेका थिए भने बाँकी सदस्य निर्वाचित भएका थिए ।

■ राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन २०४३

२९ वैशाखदेखि १२ जेठ ०४३ सम्म तीन चरणमा भएको निर्वाचनमा कुल मतदाता ९० लाख ३४ हजार ५८३ थिए । मतदान गर्न पाउने उमेर २१ वर्ष तोकिएको थियो । कुल उम्मेदवार संख्या एक हजार पाँच सय ४८ र कुल महिला उम्मेदवार ७३ जना थिए । निर्वाचनमा ११ हजार ६ सय ९४ मतदान केन्द्र र ५० हजार कर्मचारी परिचालन गरिएको थियो ।

बहुदलीय युग

■ वीरेन्द्रले जारी गरे नेपालको संविधान

३० वर्ष लामो निर्दलीय पञ्चायती व्यवस्था २६ चैत ०४६ मा समाप्त भयो । ६ वैशाख ०४७ मा कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ११ सदस्यीय अन्तरिम मन्त्रिपरिषद् गठन भयो । सर्वोच्चका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुधार सुझाव आयोग गठन गरी नयाँ संविधानको मस्यौदा तयार गरियो । २३ कात्तिक ०४७ मा राजा वीरेन्द्रले नेपालको संविधान ०१९ खारेज गरी नेपाल अधिराज्यको संविधान ०४७ जारी गरे । संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, बालिग मताधिकार, संसदीय शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, स्वतन्त्र र सक्षम न्यायपालिका, मानव अधिकारजस्ता संवेदनशील र अपरिवर्तनीय विषय समावेश गरियो । संवैधानिक आयोगको व्यवस्था गरियो । निर्वाचन आयोगको संवैधानिक स्वरूपलाई यथावत् राख्दै भूमिका र जिम्मेवारी थप स्पष्ट गरियो । ०४८ मा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । यो निर्वाचन नेपालको संसदीय इतिहासमा दोस्रो र बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछिको पहिलो निर्वाचन थियो । संविधानले प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो ।

■ प्रतिनिधिसभा ०४८

प्रतिनिधिसभामा ७५ जिल्लाका २०५ निर्वाचन क्षेत्रबाट एक-एकजना सांसद सदस्य बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचित हुने व्यवस्था थियो । कार्यकाल पाँच वर्ष रहेको थियो । प्रतिनिधिसभामा पूर्वाञ्चलबाट ४९, मध्यमाञ्चलबाट ६५, पश्चिमाञ्चलबाट ४२, मध्यपश्चिमाञ्चलबाट ३०, सुदूरपश्चिमाञ्चलबाट १९ सदस्य निर्वाचित हुने व्यवस्था थियो । ०४८ को निर्वाचनमा निर्वाचनमा २० दलले भाग लिएका थिए भने सात हजार ३९१ मतदान केन्द्र थिए । सात दलले प्रतिनिधित्व गरेकोमा पाँच दलले राष्ट्रिय मान्यता प्राप्त गरेका थिए । निर्वाचनमा एक करोड ११ लाख ९१ हजार ७७७ मतदाता थिए । ६५.१५ प्रतिशत मत खसेको थियो ।

■ प्रतिनिधिसभा निर्वाचन २०५१

प्रतिनिधिसभाको दोस्रो निर्वाचन २९ कात्तिक ०५१ मा भएको थियो । २४ दलले भाग लिएको निर्वाचनमा सात हजार ४१० मतदान केन्द्र थिए । पाँच दल निर्वाचित भएको प्रतिनिधिसभामा चार दलले राष्ट्रिय मान्यता प्राप्त गरेका थिए । एक करोड २३ लाख २७ हजार ३२९ मतदाता थिए । ६१.८६ प्रतिशत मत खसेको थियो भने ९६.८४ प्रतिशत सदर भएको थियो । निर्वाचनमा दलले ९३.९२ प्रतिशत र स्वतन्त्र उम्मेदवारले ६.०८ प्रतिशत मत प्राप्त गरेका थिए । एक हजार ४४२ उम्मेदवार थिए । दलका एक हजार ५७ र स्वतन्त्र ३८५ थिए । महिला ८६ थिए । ८०९ उम्मेदवारको धरौटी जफत भयो । उम्मेदवारको धरौटी तीन हजार थियो । निर्वाचनमा सात महिला, सात स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए ।

पूर्ण नतिजामा एमाले ८८, कांग्रेस ८३, राप्रपा २०, नेमकिपा ४, नेपाल सद्भावना पार्टी ३, स्वतन्त्र ७ जना निर्वाचित भएका छन् ।

■ प्रतिनिधिसभा निर्वाचन २०५६

२० वैशाखदेखि ३ जेठ ०५६ मा दुई चरणमा निर्वाचन भएको थियो । ३९ दलले भाग लिएको निर्वाचनमा ६ हजार ८२१ मतदान केन्द्र थिए । नौ दल निर्वाचित भएकोमा ६ दलले राष्ट्रिय मान्यता प्राप्त गरेका थिए । एक करोड ३५ लाख १८ हजार ८३९ मतदाता थिए । ६५.९ प्रतिशत मत खसेको थियो भने ९७.१७ प्रतिशत सदर भएको थियो । निर्वाचनमा १२ महिला निर्वाचित भएका थिए । पूर्ण नतिजामा कांग्रेस १११, एमाले ७१, राप्रपा ११, नेपाल सद्भावना पार्टी पाँच, जनमोर्चा ६, नेमकिपा एकजना निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०५९ कात्तिक २ देखि ६ चरणमा गर्ने घोषणा भए पनि तत्कालीन परिस्थितिका कारण स्थगित भयो । पछि प्रतिनिधिसभा

विघटन नै भयो । यो निर्वाचनमा भाग लिन ११७ दल दर्ता भएका थिए । मतदाता संख्या एक करोड ४९ लाख ४३ हजार १५२ पुगेको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०४८, ०५१ र ०५६ मा मतदाताले दोहोरो मतदान गर्न नपाउने भनी संकेत गर्ने मतदाताको बायाँ हातको बुढीऔँलाको नङ र मासुको जोर्नीमा नउड्ने निलो रङको मसी लगाइदिने व्यवस्था गरिएको थियो । यो मसी भारतबाट आयात गरिएको थियो ।

निर्वाचन आयोगले मूल आचरण र सामान्य आचरण गरी दुई भागमा विभाजन गरेर निर्वाचन आचारसंहिता तर्जुमा गरेको थियो । मूल आचरणमा नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ताप्रति आँच आउन नदिने गरी निर्वाचन सञ्चालन गर्ने, नेपाल अधिराज्यको संविधानले नेपाली नागरिकलाई प्रदान गरेका आधारभूत मानव अधिकार सुरक्षित गर्ने, बालिग मताधिकार, संसदीय शासन व्यवस्था, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र र सक्षम न्यायपालिका, कानुनी राज्यले अंगीकार गरेका विषय सबैले पालना गर्ने, राजनीति दल, उम्मेदवारले जातजाति, समुदाय, धर्म वा सम्प्रदायको आधारमा घृणा, द्वेष, अवहेलना र वैमनस्य उत्पन्न हुने किसिमले काम नगर्ने भनिएको छ ।

सामान्य आचरणमा निर्वाचन कार्यक्रम निर्बाध रूपले सञ्चालन हुन सक्ने स्थितिको सिर्जना गर्नु दलहरूको कर्तव्य हुनेछ, निर्वाचनसम्बन्धी ऐन-नियमको पूर्ण परिपालना गर्नुपर्ने भनिएको छ । उम्मेदवारविरुद्ध झुटो प्रचार गर्न नहुने, मतदानको ४८ घण्टाअघिदेखि मतदान सम्पन्न नभएसम्म प्रचार गर्न नहुने भनिएको छ । उम्मेदवारले नतिजा आएको ३० दिनभित्र खर्च विवरण बुझाउनुपर्ने व्यवस्था पनि थियो । ०५३ मा निर्वाचन आयोग ऐन ०४७ संशोधन गरी निर्वाचन आयोगलाई आचारसंहिता बनाउने र कार्यान्वयन तथा अनुगमन गर्ने कानुनी अधिकार दिइयो । ०५३ सालमा आयोगले बनाएको आचारसंहितामा उम्मेदवारले निर्वाचनमा खर्च गर्न पाउने रकमको सीमा तोकियो । क वर्गमा उपत्यकाका तीन जिल्लामा दुई लाख ७५ हजार, ख वर्गका तराईका २१ जिल्लामा दुई लाख ३५ हजार, ग वर्गका पहाडी ४४ जिल्लामा एक लाख ६५ हजार र घ वर्गका हिमाली जिल्लामा एक लाख १५ हजार निर्धारण गरियो । त्यसपछिका चुनावमा आचारसंहिता क्रमशः परिमार्जन हुँदै आएको छ ।

■ मतदाता शिक्षा

०४७ को संविधानपछि भएका संसदीय निर्वाचनमा मतदाता शिक्षासम्बन्धी कार्यक्रम छुट्टै रूपमा सञ्चालन भएको थिएन । आयोगले आफ्नो मताधिकारको सही सदुपयोग गर्न अनुरोध गर्दै विभिन्न किसिमका पोस्टर प्रकाशन तथा मतदाता शिक्षासम्बन्धी रेडियो कार्यक्रम सञ्चालन गर्दै आएको थियो । ०५६ को निर्वाचनपछि आयोगले मतदाता सचेतना तथा जागरण कार्यक्रमको सुरुआत गरेको थियो । ०५७ सालमा मतदाता जागरण पुस्तिका र निर्वाचनसम्बन्धी जानकारी पुस्तिका तयार गरी जिल्ला निर्वाचन कार्यालयमार्फत वितरण गरिएको थियो ।

■ पर्यवेक्षण

०४८ को निर्वाचनबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र व्यक्तिले आयोगबाट स्वीकृति लिएर पर्यवेक्षण गर्नुपर्ने व्यवस्था गरियो । ०४८ को निर्वाचनमा २० राष्ट्रका उच्चस्तरीय पर्यवेक्षक आएका थिए । ०५१ मा निर्वाचनको पर्यवेक्षणका लागि राष्ट्रिय समूहको रूपमा नेपाली संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिइयो । ०५६ को निर्वाचनमा बेलायत, डेनमार्क, फ्रान्स, जापान, नेदरल्यान्ड, अमेरिकालगायत १०० जना अन्तर्राष्ट्रिय पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए । राष्ट्रिय संस्थाका करिब एक हजार ५०० नेपाली पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।

संविधानसभा निर्वाचन २०६४

■ मिश्रित निर्वाचन प्रणाली अंगीकार

०६२ चैत २४ बाट सुरु भएको जनआन्दोलन २ ले मुलुकमा ठुलो राजनीतिक परिवर्तन ल्यायो । मुलुक संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने मार्गमा अग्रसर भयो । ०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान ०६३ जारी भयो । संविधानले निर्वाचन प्रणाली पनि फेर्‍यो । यसअघि प्रत्यक्ष निर्वाचित प्रणालीको प्रयोग हुँदै आएकोमा ०६४ मा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रका नागरिकको प्रतिनिधित्वका लागि समानुपातिक प्रणाली पनि अपनाउँदै मिश्रित निर्वाचन प्रणाली अंगीकार गरियो । ६०१ सदस्यीय संविधानसभा गठन गरियो । २४० सिट प्रत्यक्ष, समानुपातिकतर्फ ३३५ र मन्त्रिपरिषद्बाट मनोनीत २६ सदस्य हुने भनियो । समानुपातिकतर्फ जनसंख्याको अनुपातको आधारमा मधेशी ३१.२, दलित १३, उत्पीडित जाति/आदिवासी जनजाति ३७.८, पिछडिएको क्षेत्रबाट चार प्रतिशत तथा अन्यबाट ३०.२ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरियो । संविधानसभामा महिला प्रतिनिधित्वको संख्यालाई अभिवृद्धि गर्न यी सबै समूहमा महिला उम्मेदवारको संख्या कम्तीमा ५० प्रतिशत हुनुपर्ने व्यवस्थासमेत गरियो ।

०६४ चैत २८ गते निर्वाचनको मिति तोकियो । ०६३ मंसिर मसान्तसम्म १८ वर्ष पुगेका नागरिकलाई मतदानको अधिकार दिइयो । निर्वाचन प्रयोजनका लागि ७४ दल दर्ता भएका थिए । संसद्मा प्रतिनिधित्व गर्ने १५ दलबाहेक अरूले १० हजार मतदाताको समर्थनसहितको हस्ताक्षरयुक्त निवेदन दिएका थिए । निर्वाचनमा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ थियो ।

निर्वाचन प्रणाली आमनागरिकका लागि नयाँ थियो । दुइटा अलग-अलग मतपत्रमा मतदान गर्नुपर्ने व्यवस्थाका कारण मतदातामा अलमल हुन सक्ने संशय पनि उत्तिकै थियो । करिब ४१ लाख मतदाता त पहिलोपटक मतदान गर्ने समूहका थिए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका क्रियाकलापबाट निर्वाचनको स्वच्छतामा प्रभाव नपरोस् भनी आयोगले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव, समाज कल्याण परिषद्का सदस्य सचिव र गैर सरकारी संस्था महासंघका प्रतिनिधिसँग छलफल र अतर्क्रिया गरी गैरसरकारी संस्थाको आचारसंहिता कार्यविधि ०६४ जारी गरी फागुन २६ देखि लागू गरेको थियो ।

■ विद्युतीय मतदान

आयोगले काठमाडौं निर्वाचन क्षेत्र नम्बर १ मा विद्युतीय मतदान उपकरणको प्रयोग गर्ने निर्णय गरेको थियो । निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोगबारे निर्णय लिनुपूर्व आयोगले सहसचिव शरदचन्द्र पौडेलको नेतृत्वमा ६ सदस्यीय टोलीलाई भारतको निर्वाचन आयोगको निमन्त्रणामा उत्तराखण्ड राज्यको लोकसभा तथा विधानसभा सदस्य निर्वाचनको अवलोकनमा पठाएको थियो । अध्ययन टोलीले नेपालमा पनि परीक्षणको रूपमा केही स्थानमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्न सकिने प्रतिवेदन दिएपछि आयोगले दलहरूसँग विभिन्न तहमा छलफल परामर्श गरी सहमति प्राप्त गरेको थियो । प्रत्यक्षतर्फ मतगणनामा केही समय लागे पनि समानुपातिकको परिणाम गणनाको तीन घण्टामै सार्वजनिक भएको थियो । प्रत्यक्षतर्फ विद्युतीय मतदान उपकरणको पहिलो प्रयोग भएको निर्वाचनबाट काठमाडौं १ मा कांग्रेस उम्मेदवार प्रकाशमान सिंह विजयी भएका थिए ।

■ उम्मेदवार

संविधानसभा निर्वाचनमा दलका तर्फबाट तीन हजार १३० र स्वतन्त्र ८१६ गरी कुल तीन हजार ९४६ उम्मेदवार थिए । समानुपातिकतर्फ ५५ दलबाट पाँच हजार ६५८ उम्मेदवार थिए । प्रत्यक्षतर्फको २४० र समानुपातिकतर्फ ३३५ सिटमध्ये माओवादीले प्रत्यक्षतर्फ १२० र समानुपातिक १०० सय सिट जितेको थियो । कांग्रेसले ३७ र ७३ गरी ११० सिट, एमाले ३३ र ७० गरी १०३, मधेशी जनअधिकार फोरम नेपाल ३० र २२ गरी ५२, तमलोपा ९ र ११ गरी २०, सद्भावना पार्टीले ४ र ५ गरी ९, जनमोर्चा नेपाल २ र ५ गरी ७, नेमकिपा २ र २ गरी चार राष्ट्रिय जनमोर्चा १ र ३ गरी चार सिट ल्याएको थियो ।

■ संविधानसभा निर्वाचन २०७०

संविधान बनाउन नसकेपछि १४ जेठ ०६९ मा संविधानसभा विघटन भयो । अर्को संविधानसभाको निर्वाचन गराउन १ चैत ०६९ मा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा नयाँ सरकार गठन भयो । सरकारले ४ मंसिर ०७० मा निर्वाचनको मिति घोषणा गर्‍यो । निर्वाचनमा १२२ दलले भाग लिएका थिए ।

निर्वाचनमा प्रत्यक्षतर्फ कांग्रेस १०५, एमाले ९१, माओवादी २६, मधेशी जनअधिकार फोरम नेपाल लोकतान्त्रिक ४, तमलोपा ४, राप्रपा ३, मधेशी जनअधिकार फोरम नेपाल २, नेमकिपा १, सद्भावना पार्टी १, तराई मधेश सद्भावना पार्टी नेपाल १ र स्वतन्त्र २ जना निर्वाचित भएका थिए ।

दोस्रो संविधानसभाबाट ०७२ साल असोज ३ मा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो । संविधान जारी भएपछि नेपालमा सात प्रदेशसहित संघीयताको अभ्यास प्रारम्भ भयो । सुरुमा ३१ वैशाख, १४ असार र २ असोज गरी तीन चरणमा ७५३ स्थानीय तहको निर्वाचन भयो । ०५९ पछि जनप्रतिनिधिविहीन स्थानीय तहले १६ वर्षपछि निर्वाचित जनप्रतिनिधि पाए ।

संविधान निर्माणपछि ०७४ को निर्वाचन

■ विघटन र पुनर्स्थापनाको चक्र

०७४ को निर्वाचनमा एमाले र माओवादीले गठबन्धन गरेर झन्डै दुईतिहाइ प्राप्त गरेको थियो । प्रतिनिधिसभाको २७५ सिटमध्ये गठबन्धनले १७४ सिट जितेको थियो । एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ गरी १२१ सिट जितेको थियो भने माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट जितेको थियो । कांग्रेसले प्रत्यक्षतर्फ २३ र समानुपातिकतर्फ ४० सिट गरी ६३ सिट जितेको थियो । निर्वाचनमा ५५ दलले भाग लिएका थिए । प्रतिनिधिसभाको यो कार्यकाल विघटन र पुनर्स्थापनाको चक्रमै रुमल्लियो । झन्डै दुईतिहाइ वाम गठबन्धन पनि टिक्न सकेन । प्रदेश सभा निर्वाचनतर्फ वाम गठबन्धनले सातमध्ये ६ प्रदेशमा बहुमत प्राप्त गरेको थियो ।

नयाँ संविधानले पुनः द्विसदनात्मक संसद्को व्यवस्था गरेपछि राष्ट्रिय सभा पुनः अस्तित्वमा आएको थियो । २४ माघ ०७४ मा राष्ट्रिय सभाको निर्वाचन भएको थियो । ५९ सदस्यीय राष्ट्रिय सभामा ५६ जना निर्वाचित भएर आए भने ३ जना राष्ट्रपतिबाट मनोनीत भए ।

■ ०७९ को चुनाव

०७४ को चुनाव दुई चरणमा भए पनि ०७९ को चुनाव एकै चरणमा भयो । संविधान निर्माणपछि यो दोस्रो चुनाव थियो । ३० वैशाखमा स्थानीय तहको निर्वाचन भयो, ४१ हजार जनप्रतिनिधि निर्वाचित भए ।

यसैगरी, प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन ४ मंसिरमा सम्पन्न भयो । निर्वाचनमा प्रत्यक्षतर्फ ६१ दल र समानुपातिकतर्फ ४७ दलले भाग लिएका थिए । प्रत्यक्षतर्फ दुई हजार ४११ उम्मेदवार थिए भने समानुपातिकतर्फ दुई हजार १९९ उम्मेदवार थिए । मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० थिए । पुरुष ९१ लाख ४० हजार ८०६, महिला ८८ लाख ४७ हजार ५७९ र अन्य १८५ थिए ।

०७९ को नतिजामा कांग्रेस ८८ सिटसहित पहिलो भएको थियो । एमाले ७९, माओवादी ३२, रास्वपा २१, राप्रपा १४, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा ४, नागरिक उन्मुक्ति ४, नेमकिपा, जनमोर्चा र आजपा १/१ सिट र दुईजना स्वतन्त्र निर्वाचित भएका थिए ।

■ २०८२ फागुनको चुनाव

जेन-जी आन्दोलनपछि दुई वर्षअगावै हुन लागेको २१ फागुन ०८२ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ ६५ दलबाट तीन हजार ४०५ उम्मेदवार प्रतिष्पर्धामा थिए भने समानुपातिकतर्फ ६३ दलबाट तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा थिए ।

■ फेरिँदै चुनावको स्वरूप

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार नेपालको सन्दर्भमा हेर्दा इसापूर्वको छैटौं शताब्दीमा शाक्य गणतन्त्र राज्यमा संस्थागार (त्यतिखेरको प्रतिनिधिसभा)मा मान्छे उपस्थित भएर उनीहरूले छानेका प्रतिनिधिद्वारा काम-कारबाही हुने व्यवस्था थियो । लिच्छिविकालमा पाञ्चाली व्यवस्था थियो, जहाँ स्थानीय प्रतिनिधि छनोट गरिन्थ्यो । मल्लकालमा गुठीको रूपमा छनोट गरियो ।

काठमाडौं म्युनिसिपिलिटीको चुनाव ००४ मा सम्पन्न भएसँगै यहीँबाट औपचारिक चुनाव प्रारम्भ भएको थपलिया मान्छन् । बालिग मताधिकारका आधारमा देशभरका सबै जनताले मताधिकार प्राप्त गरेको २०१५ सालको आमनिर्वाचन भएको उनले सुनाए । त्यसपछि नेपाल निर्वाचनको विश्व इतिहासमा दर्ज भएको उनी बताउँछन् ।

थपलिया ०४६ सालको राजनीतिक परिवर्तनपछि निर्वाचन व्यापक रूपमा विस्तार भएको बताउँछन् । थपलियाको विचारमा अहिलेसम्म नेपालले दुईखाले चुनाव अभ्यास गरेको छ । पहिलो सामान्य व्यक्ति भेला भएर कसले प्रतिनिधित्व गर्ने खुला रूपमा छनोट गर्थे भने अहिले गोप्य मतदानमार्फत प्रतिनिधि चुनिन्छ । यसैगरी, ०६३ पछि मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ ।

पूर्वप्रमुख आयुक्त थपलियाको नजरमा सुधार गर्नुपर्ने पनि थुप्रै कुरा छन् । पहिलो निर्वाचन प्रणाली प्रक्रियामा चाहेअनुसारको उत्तरदायित्व र पादरर्शिता सुनिश्चित हुन सकेको छैन । दोस्रो स्वतन्त्र र स्वायत्त निर्वाचन आयोग भए पनि स्रोतसाधन र सुरक्षाको कारणले आयोगले भनेअनुसार निर्वाचनलाई लान सक्दैन । तेस्रो निर्वाचन खर्चको नियन्त्रण र दलको वित्तीय पारदर्शिता कमजोर छ, सुधार गर्नुपर्नेछ । निर्वाचन खर्चको डिजिटल परीक्षण गर्नुपर्नेछ । चौथो, मतदाताको नाम दर्ता भए पनि कार्यव्यस्तता, ज्येष्ठता, अपांगता, विदेश जानुपर्ने, कार्यस्थलमा भएकाले मतदानमा सहभागी हुँदैन । यो कुरालाई सम्बोधन गर्नुपर्नेछ । उनका अनुसार पछिल्लो समय सामाजिक सञ्जाल, एआईबाट हुने दुष्प्रचारको चुनौतीलाई प्राथमिकताका साथ हेर्नुपर्नेछ ।

दलको आन्तरिक लोकतन्त्र कमजोर भएकाले यसको असर चुनावमा परेको थपलिया बताउँछन् । 'दलसँग निजी क्षेत्रको अन्तरसम्बन्ध, इलेक्सन फाइनान्स, स्वार्थको लेनदेनले फेयर प्ले नहुने जोखिम छ । निजी क्षेत्रले सामाजिक उत्तरदायित्वअन्तर्गत मतदाता शिक्षामा लगानी गर्दैन,' उनले भने ।

निर्वाचित प्रतिनिधिको उत्तरदायित्वको विषय पनि सुधार्नुपर्ने उनी औँल्याउँछन् । 'निर्वाचित भएर गयो, वाचाअनुसार काम गरेको छ कि गरेन हेर्ने मेकानिजम हुनुपर्‍यो । उत्तरदायीको विषयमा कुनै निकाय भयो भने राम्रो हुन्छ,' उनी भन्छन् ।

कानुन संशोधन गरेर दलको मजबुतीकरणको विषय, प्रक्रियामा सुधार, वित्तीय पारदर्शितामा ध्यान दिनुपर्ने उनको भनाइ छ । तर, दलहरूले निर्वाचनमा बेथिति भित्र्याएको उनी औँल्याउँछन् । उनी भन्छन्,'यसैकारण निर्वाचनले स्थिरता, विकास, समृद्धि, स्थायित्व दिन सकिरहेको छैन ।'

महिलाले किन चलाउने साइकल ?

आजादीको जिन्दगी जिउन चाहन्छौँ भने साइकल चलाउन थाल्नुपर्छ

साइकलमैत्री सहर भएमा महिलाहरूले झनै धेरै साइकल चलाउँछन् । किनभने महिलाले नै घरभित्र बाहिर धेरै काम गर्नुपर्छ । महिलाका लागि साइकल सजिलो साधन हो ।

लैंगिकता

● **उषा तितिक्षु**, फोटो पत्रकार

म पाल्पाको तानसेनमा जन्मिएँ । मेरो बुबा सरकारी जागिरे भएकाले उहाँको सरुवा भएपछि हामी पनि २०३७ सालमा कपिलवस्तुको तौलिहवा पुग्यौँ । त्यहाँ पुगेपछि स्कुल जान आउन साइकल प्रयोग गर्न थाल्यौँ । त्यतिवेलै त्यहाँ धेरैले साइकल प्रयोग गर्थे । साइकल के हो ?, किन चलाउने ?, कसले चलाउँछ ? वा कसले चलाउँदैन ?, साइकलमा सबैको पहुँच छ कि छैन ? भन्नेजस्ता कुराहरू पछि मात्र चासोको विषय बन्यो ।

साइकल चलाउँदा केही ट्राफिक नियम हुन्छन्, त्यो सबैले मान्नुपर्ने हुन्छ । साइकललाई थोरै बाटो भए पुग्छ । उकाली-ओराली सबैतिर जान सक्छौँ । साइकललाई बोक्नै पनि मिल्यो । साइकलमा धेरै सामान राखेर यताउता गर्न पनि सकियो । साइकलका लागि कुनै पेट्रोलियम पदार्थ पनि चाहिएन । नेपालजस्तो गरिब देशमा पेट्रोलियम पदार्थ धेरै महँगोमा आइपुग्छ ।

म सानैदेखि खेल्ने, कुद्ने र सामाजिक सेवाका काम गर्थें । अहिलेसम्म कतिबेला म कमजोर भएँ भन्ने नै लागेको छैन । साइकललाई सामाजिक अवस्थासँग तुलना गर्ने हो भने साइकल भनेको आफैमा स्वतन्त्रताको प्रतीक हो । साइकल महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति जसले चलाए पनि स्वतन्त्रताको प्रतीक हो ।

साइकल लिएर कुनै पनि वेला कतै पनि जान सकिन्छ । साइकल भएमा तपाईं परनिर्भर हुनुपरेन । कसैलाई पर्खिनु परेन । साइकल लिएर आनन्दसँग घुम्न सकिने भयो । यति सजिलो साधनमा सबैको पहुँच छैन । म आफैँलाई साइकल लिएर सडकमा निस्किँदा आनन्द लाग्छ । निस्फिक्री भएको अनुभव हुन्छ । स्वास्थ्यको पाटोबाट हेर्दा शारीरिक अभ्यास हुन्छ । धेरै अध्ययनले मुटु, मिर्गौला, मधुमेहलगायत रोग लागेका व्यक्तिहरूले साइकल चलाउँदा राम्रो हुने भन्छ ।

सडकमा साइकल चलाउँदा त्रासको अनुभव पनि हुन्छ । कसैले हानिदेला कि ! केही होला कि ! भन्ने डर, त्रास जहिले हुन्छ । मैले सन् २०१६ मा मेची-महाकाली साइकल यात्रा गरेँ । नेपालमा महाकालीदेखि मेचीसम्म हेर्‍यौँ भने साइकल चलाउने महिला नै धेरै हुन्छन् । साइकलको प्रयोग गरेरै महिलाहरू सामान लिन जाने, बच्चा पुर्‍याउन जाने, कार्यालय जाने, खेतबारीमा काम गर्न जाने गरिरहेका छन् । तर, साइकललाई ध्यानमा राखेर जुन खालको भौतिक पूर्वाधार बन्नुपर्ने हो, त्यस्तो किसिमको सडक बनेको छैन । त्यति हुँदाहुँदै पनि मानिसहरूले साइकल चलाइरहेका छन् । सडक दुर्घटनामा परेर मारिएका पनि छन् । यो घटना जसरी न्याय प्रक्रियामा जानुपर्ने हो, गएको छैन ।

लामो दूरीको साइकल यात्रा गर्दा महिला कम भेटिन्छन् । म महाकालीबाट साइकल कुदाउँदै मेची पुगेँ । त्योभन्दा अघि बिहारका विभिन्न सहरमा पनि करिब १४ सय किलोमिटर साइलकयात्रा गरेँ । 'राइट्स फर फ्रिडम'को नारा बोकेर भएको साइकल यात्रामा सहभागी भएको थिएँ ।

मेची-महाकाली साइकलयात्रा गर्ने करिब २० वर्षकै उमेरमा योजना बनाएको थिएँ । तर त्यतिवेला मलाई धेरैले मोटरसाइकल यात्राका लागि सुझाब दिएका थिए । विभिन्न सुझाबका बाबजुद त्यो यात्रा रोकिएको थियो । त्यो कुरालाई निरन्तरता दिनका लागि मैले यात्रा गरेको थिएँ । मेरो यात्राको कुनै पनि शीर्षक थिएन । तर, विभिन्न व्यक्तिले मलाई सहयोग गरेका थिए । यात्राका क्रममा विभिन्न ठाउँमा मानिसहरूले मलाई प्रश्न, जिज्ञासा राखेका थिएँ । छलफल पनि भएको थियो ।

हाम्रो समाजमा अझै पनि महिला एक्लै हिँड्नु हुँदैन भनेर डर देखाउने चलन छ । मलाई पनि त्यस्तै डर देखाइयो । डरको माध्यम यौनजन्य अपराध, हिंसा हुन्छ भन्ने थियो । पुरुषलाई भने यौनजन्य अपराधभन्दा चोरी हुने डर देखाउने चलन रहेछ । मलाई पनि छलफलको क्रममा बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्जलगायतका जंगल क्षेत्रमा एक्लै केटी मान्छे जाने ? भन्ने प्रश्न आयो । मैले ती मानिसहरूलाई 'महिला हुँदैमा बलात्कार, यौनजन्य हिंसा हुन्छ भन्ने तरिकाबाट सोच्नुहुँदैन, यो सोच हटाउनुपर्छ । महिलामाथि पनि चोरी हुन सक्छ भनेर सोच्नुपर्छ । पुरुषमाथि पनि यौनजन्य हिंसा हुन्छ भनेर सोच्न सक्नुपर्छ । मलाई बलात्कार मात्र होइन, मेरो सामान चोरी पनि हुन सक्छ' भन्ने जवाफ दिएर हिँडेँ ।

सधैँ एक्लै हिँडेर पत्रकारिता गरेँ । मलाई यौनजन्य हिंसा भएन । त्यो आफ्नो ठाउँमा छ । तर, हाम्रो जुन सामाजिक सोच, संस्कार छ त्यो आफैँमा महिलालाई कमजोर बनाइदिने खालको छ । त्यो नै प्रमुख समस्या हो ।

यातायातको साधनमा हरेक व्यक्तिको सहज पहुँच हुनुपर्‍यो । सडकको अवस्थाका कारण साइकल चलाएर दैनिक आवातजावत गर्न गाह्रो छ । सार्वजनिक यातायातका साधन राति १२ बजे पनि चलोस् । बिहान ४ बजे पनि चलोस् । त्यो बसमा साइकल राख्ने ठाउँ पनि होस् । त्यो खालको सहरीकरण हुनुपर्‍यो ।

त्यस्तै, अर्को विषय, बसमा सधैँ साइकल राखेर ल्याउन, लैजान नपरोस् । निश्चित ठाउँहरूमा सुरक्षित साइकल पार्किङ गर्ने ठाउँ हुनुपर्‍यो । यसले १५ लाख मोटरसाइकललाई पाँच लाखमा कसरी झार्ने भन्ने चुनौती थपेको छ । यसका लागि १० लाख व्यक्तिले साइकल चलाउनुपर्‍यो । काठमाडौंमा १० लाखले साइकल चलाउनेबित्तिकै सडकभर साइकल नै साइकल देखिन्छ । तर, अहिले असुरक्षाका कारण साइकल भेट्नै गाह्रो छ । साइकलमैत्री सहर भएमा महिलाहरूले झनै धेरै साइकल चलाउँछन् । किनभने महिलाले नै घरभित्र बाहिर धेरै काम गर्नुपर्छ । महिलाका लागि साइकल सजिलो साधन हो । सामान राख्न मिल्यो । जतातत‌ै जान मिल्यो । बच्चा पुर्‍याउन जान मिल्यो । धोती लगाएर पनि चलाउन मिल्ने, कुर्ता लाएर पनि चलाउन मिल्ने, पाइन्ट लाएर पनि चलाउन मिल्ने किसिमका साइकल बजारमा उपलब्ध छन् । किस्ताबन्दीमा पनि साइकल किन्न पाइन्छ ।

यदि हामी आजादीको जिन्दगी जिउन चाहन्छौँ भने साइकल चलाउन थाल्नुपर्छ । हामी शारीरिक कसरतका लागि जिमखाना जान्छौँ । त्यही जिमखानामा पनि साइकल चलाउने हो । हामी दैनिक जीवनमा चाहिँ साइकल नचलाउने, तर शरीर स्वस्थ्य राख्ने भन्दै महँगो पैसा तिरेर जिमखानामा चाहिँ साइकल चलाउँछौँ । यस्तो अवस्थालाई अन्त्य गर्न कर्पोरेट हाउसले साइकल प्रयोग गर्ने वातावरण बनाएर थालनी गर्न सक्छ । यसले मान्छे शारीरिक रूपमा स्वस्थ पनि भयो, सुन्दर पनि भयो ।

कुराकानीमा आधारित

आत्मरक्षा र अनुशासनका लागि तेक्वान्दो

● **मोहन विश्वकर्मा**, खेल प्रशिक्षक

हात र खुट्टाको प्रयोग गरी खेलिने कलात्मक खेल हो, तेक्वान्दो । कोरियाबाट सुरु भएको यो खेल हाल विश्वभर खेलिन्छ । नेपालमा पनि यसप्रति चासो राख्ने र खेल्नेको संख्या बढ्दो छ ।

विधान लामाले सन् १९८८ को सोल ओलम्पिकमा कांस्य पदक जित्न सफल भएका थिए । संगिना वैद्य र दीपक विष्टले ओलम्पिक खेलमा सहभागिता जनाएका थिए । त्यसैगरी, पलेसा गोवर्धनले फ्रान्सको पेरिसमा सम्पन्न सन् २०२४ को ग्रीष्मकालीन पारा-ओलम्पिकमा कांस्य पदक जितेकी थिइन् ।

पछिल्लो समय व्यस्त जीवनशैली, प्रविधिको अत्यधिक प्रयोग र शारीरिक सक्रियताको कमीका कारण मानिसहरू विभिन्न स्वास्थ्य समस्याबाट प्रभावित भइरहेका छन् । यो खेल केवल मनोरञ्जन वा प्रतिस्पर्धाको माध्यम मात्र नभई शारीरिक तथा मानसिक स्वास्थ्य सुदृढ गर्ने प्रभावकारी उपाय बनेको छ । तेक्वान्दो भन्नेबित्तिकै मुक्का र लात प्रहार गर्ने खेल बुझिन्छ । तर, यो खेल केवल मुक्का र लात मात्र होइन, यो अनुशासन, धैर्यता, आत्मनियन्त्रण र आत्मरक्षाको कला हो । तेक्वान्दो सिक्ने व्यक्तिमा शारीरिक क्षमता मात्र होइन, मानसिक दृढता पनि विकास हुन्छ । तेक्वान्दो केवल खेल होइन, जीवन जिउने कला हो । यसले आत्मरक्षा सीप, शारीरिक तन्दुरुस्ती, मानसिक सन्तुलन र अनुशासन सिकाउँछ । विशेषगरी किशोरी तथा महिलाका लागि आत्मनिर्भर र आत्मविश्वासी बन्ने प्रभावकारी माध्यम हो । बालबालिकादेखि वयस्कसम्म सबैका लागि उपयुक्त यो खेलले स्वस्थ शरीर र सकारात्मक सोच विकास गर्न मद्दत गर्छ ।

११-१८ वर्षका किशोर-किशोरीका लागि आत्मरक्षा सिक्ने, प्रतिस्पर्धात्मक खेलमा सहभागी हुने र व्यक्तित्व विकास गर्ने सुनौलो समय हो । यस उमेरमा शारीरिक ऊर्जा बढी हुने भएकाले तेक्वान्दो प्रशिक्षण प्रभावकारी हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पनि यही उमेरमा बढी हुन्छ । १८ वर्षभन्दा माथिका उमेरमा तेक्वान्दो तन्दुरुस्ती कायम राख्ने, तौल नियन्त्रण गर्ने र तनाव व्यवस्थापन गर्ने उत्कृष्ट माध्यम हो ।

मातृभाषामा प्रविधिको प्रवेश

फाइदा कति, बेफाइदा कति ?

भाषा हराउनु भनेको संवादको माध्यम हराउनु मात्र होइन, समुदायको पहिचान, परम्परा, ज्ञान, सोच्ने तरिका, इतिहास पनि हराउँदै जानु हो

● शान्ति तामाङ

प्रविधिको विकाससँगै मानिसको दैनिक जीवनमा धेरै सहजता थपिएको छ। अन्य पक्षसँगै प्रविधिले मातृभाषा संरक्षण र विकासमा पनि केही हदसम्म टेवा पुर्‍याएको छ। गुगल ट्रान्सलेटले करिब एक हजार भाषा अनुवाद गर्छ। जसमध्ये नेपाली भाषासँगै नेपाल भाषा, मैथिलीलाई पनि गुगलले अनुवाद गर्छ। नेपालका यी भाषाहरूपछि तामाङ भाषाले भने प्रक्रिया पूरा गर्दै छ।

तामाङ भाषा वैशाखसम्म गुगल अनुवादमा जाँदै छ। यसका लागि एक लाख वाक्य लक्षित गरिएकोमा काठमाडौं विश्वविद्यालयको प्राविधिक टोलीले तयार गरेको वेबसाइटमा ५० हजार तामाङ शब्दहरूले प्रवेश पाइसकेको छ। गुगल रिसर्चका लागि 'गुगल त्रैभाषिक मिसिन अनुवाद परियोजना'को प्रारम्भिक उद्घाटन पुस ११ गते गरिएको थियो। तामाङ-नेपाली-अंग्रेजी भाषाहरू बिचको अन्तरअनुवादका लागि यो परियोजना सक्रिय छ।

नेपालका करिब १४ लाखभन्दा बढीले बोल्ने तामाङ भाषा गुगल अनुवाद सेवामा प्रवेश पाएमा तामाङ भाषा विश्व भाषा मञ्चमा उपलब्ध हुने भाषाविद्‌हरूले बताएका छन्। हालसम्म नेपाली भाषाका अतिरिक्त मैथिली (सन् २०२२) र नेपाल भाषा (सन् २०२४)ले गुगलमा प्रवेश पाइसकेको छ। तामाङ भाषा गुगलमा प्रवेशसँगै विश्वका जुनसुकै स्थानमा बसोवास गरिरहेका व्यक्तिले तामाङ-नेपाली, नेपाली-तामाङ, तामाङ-अंग्रेजी र अंग्रेजी-तामाङ अन्तरअनुवाद गर्न सक्नेछन्।

मातृभाषाले बालबालिकाको सिकाइ, क्षमता, आत्मविश्वासजस्ता कुरालाई बलियो बनाउँछ। प्रविधिको दुनियाँमा मातृभाषा प्रवेश गर्दा कमजोर हुन्छ वा बलियो ?, प्रविधिले भाषा बोल्न प्रेरित गर्छ वा गर्दैन ?, मातृभाषाको विकास र संरक्षणमा यसले सकारात्मक प्रभाव पार्छ कि नकारात्मक ? नेपालको सन्दर्भमा यस्ता प्रश्न भने वेलावेला उठ्ने गरेका छन्।

२०७८ को जनगणनाअनुसार नेपालमा १२४ वटा भाषा छन्। सबैभन्दा धेरै नेपाली मातृभाषी एक करोड ३० लाख ८४ हजार ४५७ (४४.८६ प्रतिशत) छन्। त्यसैगरी, दोस्रोमा मैथिली (११.०५ प्रतिशत), तेस्रोमा भोजपुरी (६.२४ प्रतिशत), चौथोमा थारू (५.८८ प्रतिशत) र पाँचौंमा तामाङ (४.८८ प्रतिशत) बोल्नेको संख्या रहेको छ। भाषा आयोगको रिपोर्ट (२०७८) अनुसार कुसुन्डा, दुरा, बाराम, लुङ्खिम, तिलुङ, सुरेल, राउटे, राजी, बोटे, काइके, छन्त्याल, हायुजस्ता १२ भाषा लोपोन्मुख छन्।

■ उतारचढाव

नेपालको बहुभाषिक चरित्रलाई सम्बोधन गर्नका लागि धारा २८७ मा भाषा आयोगको व्यवस्था छ। मातृभाषामा शिक्षा लिन पाउने हकलाई स्थापित गरेको छ। धारा ५१ (ग)मा बहुभाषिक नीति अवलम्बन गरिनेछ भनेर बहुभाषिकतालाई आत्मसात् गरेको छ । नेपालको संविधानले देवनागरिक लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा भनेको छ। संविधानका अनुसार नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्। बागमती प्रदेशले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा कायम गरेको छ।

युनेस्कोको रिपोर्टअनुसार विश्वमा करिब सात हजार भाषाहरू बोलिन्छन्। हरेक दुई हप्तामा एक भाषा हराउँदै छ। भाषा हराउनु भनेको संवादको माध्यम हराउनु मात्र होइन, समुदायको पहिचान, परम्परा, ज्ञान, सोच्ने तरिका, इतिहास पनि हराउँदै जानु हो। नेपालमा पनि मातृभाषा बोल्नेको संख्यामा उताढचढाव आएको देखिन्छ। नेपालमा बोलिने मुख्य भाषाको तथ्यांकलाई हेर्ने हो भने त्यो प्रस्ट हुन्छ। तथ्यांक कार्यालयको तथ्यांकअनुसार सन् १९८१ ताका बोलिने भाषाको संख्या सन् २०११ मा आइपुग्दा वृद्धि हुन सकेको छैन।

भाषा	१९८१	१९९१	२००१	२०११	२०२१
नेपाली	५८.३	५०.३	४८.६	४४.६	४४.९
मैथिली	११.१	११.८	१२.३	११.६	११
भोजपुरी	७.६	७.४	७.५	५.९	६.२
थारू	३.६	५.३	५.८	५.७	५.९
तामाङ	३.४	४.८	५.१	५.१	४.९

स्रोत : तथ्यांक कार्यालय

■ भाषामा बिस्तारै समस्या आउने

प्रविधिको विकासले मातृभाषा संरक्षणमा र विकासमा टेवा पुग्ने कतिपय मातृभाषी अभियन्ता र भाषाविद्‌हरू बताउँछन्। भाषाविद् अमृत योञ्जन प्रविधिको विकासले मातृभाषालाई विश्वका जुनसुकै ठाउँमा सहज रूपमा पुर्‍याउन सकिने र मातृभाषा विकासमा मलजल हुने दाबी गर्छन्। 'प्रविधिको विकाससँगै मातृभाषा विकास र संरक्षण हुने कुरामा आशावादी छु,' भाषाविद् योञ्जन भन्छन्, 'प्रविधिकै कारण अहिले तामाङ भाषा घर, परिवार, गाउँमा नबोले पनि चाहेको वेलामा अनलाइन प्लाटफर्मबाट सिक्न सिकाउन सकिने अवस्थामा पुगेका छौं।' उनका अनुसार तामाङ भाषा वैशाखसम्म गुगल अनुवादमा जाने निश्चित हुनु भनेको मातृभाषामा बोल्न र सिक्न चाहनेहरूका लागि ठुलो अवसर हो।

'हामीले विश्वव्यापी प्लाटफर्मको प्रयोग गर्नुपर्छ। संसारको जुनसुकै कुनामा बसेर तामाङ भाषा चाहिएको वेलामा आफ्नै मोबाइलबाट प्रयोग गर्न सक्ने हुनुपर्छ। त्यो हुँदै छ। अहिले सबै ज्ञान अनलाइन प्रणालीमा गएको हुनाले त्यहाँ जानुपर्छ,' योञ्जन भन्छन्। प्रविधिले भाषालाई मजबुत नै बनाएको सरोकारवालाहरू बताउँछन्। 'भविष्यमा प्रविधिको भूमिका के हुने ? एआईको भूमिका के हुने ? हाम्रो हातमा रहेन। तर, यी प्लाटफर्मले भाषाको विकासमा टेवा पुर्‍याउन सक्छ। हात-हातमै पुर्‍याउने भएकाले यसले फाइदा नै गर्छ,' योञ्जन भन्छन्। भाषा आयोगका सदस्य सुरेश किरण पनि प्रविधिको विकाससँगै देखिएका विभिन्न प्लाटफर्मका कारण मातृभाषा बलियो हुन थालेको बताउँछन्। प्रविधिकै कारण हाल गुगलबाट नेपाल भाषामा लेखिएको सामग्री संसारको करिब ६० भाषामा अनुवाद हुन्छ। गुगल अनुवादमा अब नेपाल भाषालाई अक्षरबाट आवाजमा लैजाने गरी समेत तयारी भइरहेको उनले जानकारी दिए। तीन वर्षअघि नेपाल भाषा एकेडेमीले नेवा सांस्कृतिक ज्ञान कोष भनेर इन्साइक्लोपेडिया निकालेको छ। यो इन्साइक्लोपेडिया नेवाः समुदायको भाषा, कला, साहित्यसँग सम्बन्धित भएर पाँच भोल्युममा प्रकाशित गरेको छ। 'इन्साइक्लोपेडियालाई डिजिटाइज्ड गरेर संसारका ६० भाषामा अनुवाद गर्ने भएको छ। यस्ता काम गर्न सक्नु भनेको प्रविधिको फाइदा हो,' किरण भन्छन्।

भाषा

प्रविधिको दुनियाँमा मातृभाषा प्रवेश गर्दा कमजोर हुन्छ वा बलियो ?, प्रविधिले भाषा बोल्न प्रेरित गर्छ वा गर्दैन ?, मातृभाषाको विकास र संरक्षणमा यसले सकारात्मक प्रभाव पार्छ कि नकारात्मक ?

प्रविधिले अहिले सजिलो बनाए पनि भविष्यमा चुनौतीका चाङ आउन सक्ने सम्भावना किरण देख्छन्। 'प्रविधिको विकासले भाषाविज्ञहरूमा चिन्ता देखिएको छ,' उनी भन्छन्,'गुगल ट्रान्सलेटले नेपाल भाषा अनुवाद त गर्छ। तर, कतै-कतै टोनले पनि फरक पार्छ। भाषामा शब्द मात्र होइन। उच्चारण गर्ने कार्यले फरक पार्छ। प्रविधिले यसलाई घटाउन सकेको छैन। बिस्तारै यो काम पनि होला।' उनी भाषासँग सम्बन्धित सबै कुरा अब विज्ञको हातबाट फुत्किएर मेसिनको हातमा गएको दाबी गर्दै यो मुख्य चुनौती भएको बताउँछन्। 'मातृभाषा मेसिनको हातमा गयो भन्नुको अर्थ मेसिन कुनै कम्पनीले निर्माण गर्छ। त्यसैले भाषाको सबै कुरा कम्पनी र व्यवसायीको हातमा जाने भयो। भोलि यो चिन्ता नेपाल भाषामा पनि देखिन सक्छ। अरू मातृभाषाको हकमा पनि विभिन्न समस्या आउन सक्छ,' किरणले भने।

संस्कृतिकर्मी तथा सञ्चारकर्मी रूपा झा विभिन्न अनलाइन प्लाटफर्मले मातृभाषाका लागि केही हदसम्म फाइदा पुर्‍याए पनि खुसी हुने अवस्था नरहेको बताउँछिन्। 'प्रविधिले मातृभाषाको विकासमा टेवा पुर्‍याएजस्तो लाग्दैन। जो प्रविधिमा दखल राख्नुहुन्छ उहाँले प्रयोग गर्न सक्ने भयो। तर, जसलाई अनलाइन प्लाटमर्फ प्रयोग गर्न आउँदैन। जो अशिक्षित छन्, उनीहरूका लागि थप बोझिलो हुने देखिन्छ,' उनी भन्छिन्, 'प्रविधिको ज्ञान नभएकाले गुगलले जे गरिदियो त्यही ठिक भन्ने हुनेभयो। त्यसमा अर्थको अनर्थ लाग्न सक्ने अवस्था पनि रहन्छ। त्यसैले प्रविधिको विस्तारसँगै चुनौती पनि थपिएको देखिन्छ।'

उनका अनुसार एआईको राम्रो प्रयोग गर्न जान्यौं भने उपयोगी हुन सक्छ, जानेनौं भने नराम्रो पनि हुन सक्छ।

खानपान

● सियाङ्‌यु लिउ

प्लास्टिक कपमा नपिऔं तातो पेय

कसैले प्रतिदिन पोलिथिनबाट बनेको कपमा ३०० मिलिलिटर कफी पिउँछ भने उसले प्रत्येक वर्ष ३,६३,००० टुक्रा माइक्रोप्लास्टिक कण निल्न सक्छ

अहिले बिहानको ७:४५ बजेको छ। तपाईं आफ्नो स्थानीय क्याफेबाट रेडिमेड कफी लिनुहुन्छ, न्यानो कपको वरिपरि हात बेर्नुहुन्छ, एक चुस्की लिनुहुन्छ, र अफिसतिर लाग्नुहुन्छ। हामीमध्ये धेरैजसोलाई त्यो कप हानिरहित लाग्छ। त्यसो त कप आफैंमा क्याफिन डेलिभरीका लागि एक सुविधाजनक साधन पनि हो। यद्यपि, यदि त्यो कप प्लास्टिकबाट बनेको छ वा प्लास्टिकको स्तर पातलो छ भने यसले तपाईंको पेय पदार्थमा सिधै हजारौं साना प्लास्टिकका टुक्रा खसाल्ने उच्च सम्भावना हुन्छ।

अस्ट्रेलियामा मात्र हामी प्रत्येक वर्ष १.४५ अर्ब तातो पेय पदार्थ राखिने कप प्रयोग गर्छौं, साथै लगभग ८९ करोड प्लास्टिकका ढक्कन पनि प्रयोग गर्छौं। विश्वव्यापी रूपमा त्यो संख्या वार्षिक रूपमा अनुमानित ५०० अर्ब कप पुग्छ। मैले सहलेखन गरेको नयाँ अनुसन्धानमा हामीले यी कपहरू तातो हुँदा कसरी प्रतिक्रिया जनाउँछन् भनेर हेर्‍यौं। सन्देश स्पष्ट छ, तातो पदार्थ कुनै पनि माइक्रोप्लास्टिक रिलिजको प्राथमिक चालक हो र तपाईंको कपको सामग्री तपाईंले सोचेभन्दा बढी महत्त्वपूर्ण छ। जर्नल अफ ह्याजर्डस मटेरियल्स : प्लास्टिकमा प्रकाशित उक्त अध्ययनमा अन्य धेरै कुरालाई समेटिएको छ।

■ के हुन् माइक्रोप्लास्टिक ?

माइक्रोप्लास्टिक भनेको प्लास्टिकका टुक्रा हुन् जुन लगभग एक माइक्रोमिटरदेखि पाँच मिलिमिटरसम्मका हुन्छन्। लगभग धुलोको कणदेखि तिलको दानाको आकारसम्म। ठुला प्लास्टिकका वस्तुहरू टुक्रिएपछि तिनीहरू उत्पन्न हुन सक्छन् वा सामान्य प्रयोगको क्रममा उत्पादनबाट सिधै निस्कन सक्छन्। यी कणहरू हाम्रो वातावरण, हाम्रो खाना र अन्ततः हाम्रो शरीरमा पुग्छन्।

हाल, हाम्रो शरीरमा त्यो माइक्रोप्लास्टिक कति बाँकी रहन्छ भन्ने बारेमा हामीसँग निर्णायक प्रमाण छैन। यस विषयमा गरिएका अध्ययन प्रदूषणका लागि अत्यधिक संवेदनशील छन् र मानव तन्तुमा यस्ता साना कणहरूको स्तर सही रूपमा मापन गर्न साँच्चै गाह्रो छ। यसबाहेक, वैज्ञानिकहरू अझै पनि दीर्घकालीन रूपमा मानव स्वास्थ्यका लागि माइक्रोप्लास्टिकको अर्थ के हुन सक्छ भनेर थप अध्ययनको तयारीमा छन्। थप अनुसन्धान तुरुन्तै आवश्यक छ, तर यसबिचमा हाम्रो दैनिक जीवनमा सम्भावित माइक्रोप्लास्टिकका स्रोतबारे सचेत हुनु राम्रो हो।

■ तापले राख्छ अर्थ

मेरा सहकर्मीहरू र मैले पहिलोपटक ३० जना सहकर्मीले समीक्षा गरेका अध्ययनबाट डेटा विश्लेषण गर्दै विद्यमान अनुसन्धानको तथ्यांकीय संश्लेषण (मेटा-विश्लेषण) गर्‍यौं। हामीले पोलिथिन र पोलिप्रोपाइलिनजस्ता सामान्य प्लास्टिकले फरक-फरक परिस्थितिमा कसरी व्यवहार गर्छन् भनेर हेर्‍यौं। अरू सबैभन्दा माथि एउटा कारक देखियो त्यो हो तापक्रम। कन्टेनरभित्रको तरल पदार्थको तापक्रम बढ्दै जाँदा माइक्रोप्लास्टिकको उत्सर्जन पनि सामान्यतया बढ्छ। हामीले समीक्षा गरेका अध्ययनमा सामग्री र अध्ययन डिजाइनमा निर्भर गर्दै प्रतिलिटर केही सय कणहरूदेखि ८० लाखभन्दा बढी कणसम्मको रिपोर्ट गरिएको सार्वजनिक गरियो। चाखलाग्दो कुरा के छ भने पेय पदार्थ कपमा कति समयसम्म रहन्छ भन्ने हो।

■ ४०० कफी कप परीक्षण

वास्तविक संसारमा कफीमा माइक्रोप्लास्टिकको असरले कसरी काम गर्छ भनेर हेर्नका लागि हामीले ब्रिस्बेनवरिपरि दुई प्रमुख प्रकारका ४०० कफी कप संकलन गर्‍यौं। पोलिथिनबाट बनेका प्लास्टिक कपहरू र प्लास्टिकलाइन गरिएका कागज कपहरू जुन कागजजस्तै देखिन्छन्, तर भित्र पातलो प्लास्टिक कोटेड हुन्छ। हामीले तिनीहरूलाई पाँच डिग्री सेन्टिग्रेड (आइस्ड कफी तापक्रम) र ६० डिग्री सेन्टिग्रेड (तातो कफी तापक्रम)मा परीक्षण गर्‍यौं। दुवै तरिकाले माइक्रोप्लास्टिक छोडे पनि नतिजाले दुई प्रमुख प्रवृत्ति प्रकट गरे। पहिलो, भौतिक कुरा। प्लास्टिकलाइनिङ भएका कागज कपहरूले दुवै तापक्रममा सबै प्लास्टिक कपभन्दा कम माइक्रोप्लास्टिक छोडे। दोस्रो, गर्मीले उल्लेखनीय रूपमा कण उत्पन्न गर्छ। पूर्णप्लास्टिक कपहरूका लागि चिसोबाट तातोपानीमा स्विच गर्दा माइक्रोप्लास्टिक रिलिज लगभग ३३ प्रतिशतले बढ्यो। यदि कसैले प्रतिदिन पोलिथिनबाट बनेको कपमा ३०० मिलिलिटर कफी पिउँछ भने, उसले प्रत्येक वर्ष ३६३,००० टुक्रा माइक्रोप्लास्टिक कण निल्न सक्छ। तर, तापले किन यति धेरै अर्थ राख्छ ?

तातो पेय पदार्थका लागि सबैभन्दा राम्रो विकल्प भनेको स्टेनलेस स्टिल, सेरामिक वा सिसाबाट बनेका पुनः प्रयोग गर्न मिल्ने कप प्रयोग गर्नु हो, किनकि यी सामग्रीहरूले माइक्रोप्लास्टिक छोड्दैनन्।

उच्च-रिजोलुसन इमेजिङ प्रयोग गरेर हामीले यी कपहरूको भित्री भित्ताको जाँच गर्‍यौं र पत्ता लगायौं कि प्लास्टिकका धर्सा गरिएका कागज कपहरूको तुलनामा सबै प्लास्टिक कपहरूमा धेरै खस्रो सतह थिए। यो खस्रो बनावटले कणलाई टुक्रिन सजिलो बनाउँछ। तापले प्लास्टिकलाई नरम बनाएर र यसलाई विस्तार र संकुचित गरेर यो प्रक्रियालाई तीव्र बनाउँछ, थप सतहमा अनियमितता सिर्जना गर्दछ जुन अन्ततः हाम्रो पेयमा टुक्राटुक्रा हुन्छ।

■ जोखिम प्रबन्ध

हामीले बिहानको समयमा पिउने बानी त्याग्नु पर्दैन, तर जोखिम व्यवस्थापन गर्न हामी यसलाई कसरी हेर्ने भन्ने कुरा परिवर्तन गर्न सक्छौं। तातो पेय पदार्थका लागि सबैभन्दा राम्रो विकल्प भनेको स्टेनलेस स्टिल, सेरामिक वा सिसाबाट बनेका पुनः प्रयोग गर्न मिल्ने कप प्रयोग गर्नु हो, किनकि यी सामग्रीहरूले माइक्रोप्लास्टिक छोड्दैनन्। यदि हामीले डिस्पोजेबल कप प्रयोग गर्नुपर्छ भने हाम्रो अनुसन्धानले सुझाब दिन्छ कि प्लास्टिकलाइन भएका कागजका कपले सामान्यतया शुद्ध प्लास्टिक कपभन्दा कम कण छोड्छन्, यद्यपि दुवै माइक्रोप्लास्टिकमुक्त छैनन्।

अन्तमा, तातो प्लास्टिक अणु रिलिज हुने कारक भएकाले उमालेको तरल पदार्थ सिधै प्लास्टिकको लाइन भएका कन्टेनरहरूमा नराख्नुहोस्। कपमा पुग्नुअघि हाम्रो कफीलाई थोरै चिसो बनाउन बारिस्टालाई अनुरोध गर्दा प्लास्टिकको मात्रा र समग्र एक्सपोजर कम गर्न सकिन्छ। ताप र सामग्री छनोटले कसरी अन्तर्क्रिया गर्छ भनेर बुझेर हामी राम्रो उत्पादन डिजाइन गर्न सक्छौं र हाम्रो दैनिक क्याफिन समाधानका लागि राम्रो छनोट गर्न सक्छौं।

*('द कन्भर्सेसन'मा प्रकाशित लिउ ग्रिफिथ विश्वविद्यालयका रिसर्च फेलो सियाङ्यु लिउको आलेखलाई **सुभाष शर्मा**ले अनुवाद गरेका हुन्।)*

चुनावको दिन हेलिकोप्टरमार्फत १५ उडान

कांग्रेस सभापति गगन थापा, रास्वपाका वरिष्ठ नेता बालेन शाह र नेकपा संयोजक प्रचण्डसहित कम्तीमा ६० यात्रुले उडान गरे

निर्वाचन आयोगको अनुमति लिएर उम्मेदवार र पर्यटकका सातवटा चार्टर्ड र आठवटा उद्धार उडान

नयाँ पत्रिका

बिहीबार चुनावका दिन निर्वाचन आयोगको अनुमति लिएर १५ वटा हेली उडान भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। यसमध्ये आठवटा उद्धार र सातवटा चार्टर्ड उडान भएको प्राधिकरणको तथ्यांक छ। चार्टर्ड उडानमार्फत राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह, कांग्रेस सभापति गगन थापा र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले ओहोरदोहोर गरेका छन् भने तीनवटा पर्यटककेन्द्रित सटल उडान भएको उल्लेख छ।

निर्वाचनको दिन बेसक्याम्प हेली, हेली एभरेस्ट, माउन्टेन हेली, अल्टिच्युड एयर, एयर डाइनेस्टी, सिम्रिक एयर र कैलाश हेली रहेका छन्। यी हेलिकोप्टरले काठमाडौंबाट भोजपुर, सर्लाही, रुकुम पूर्व, ओखलढुंगा, पोखरा, पेरिचे, चुकुङलगायत स्थानमा उडान गरेका हुन्।

निर्वाचनको दिन उम्मेदवारको ओहोरदोहोर



ज्ञानेन्द्र भुल
सहायक प्रवक्ता
क्यान

> निर्वाचन आयोगको अनुमतिपत्र हेरेर चुनावको दिन विभिन्न हेलिकोप्टरलाई उडान गर्न दिइएको थियो। त्यसमध्ये केही उम्मेदवारको फ्लाइट थियो भने केही पर्यटकको चार्टर्ड उडान र केही बिरामीको उद्धारसम्बन्धी उडान थियो।

बेसक्याम्पमा हेलीले तीनवटा रेस्क्यु उडान गरेको प्राधिकरणले जनाएको छ। ती उडानमा काठमाडौं-वीरगन्ज-काठमाडौं, काठमाडौं-ह्याम्स अस्पताल-बुटवल-ह्याम्स-काठमाडौं तथा काठमाडौं-ह्याम्स अस्पताल-मणिपाल अस्पताल-ह्याम्स-काठमाडौं रुट प्रयोग गरिएको छ। यी सबै उडानमा पाँच-पाँचजना यात्रु थिए।

हेली एभरेस्टले दुई उडान गरेको छ। यसमध्ये एउटा चार्टर्ड उडान काठमाडौं-चन्द्रगढी एयरपोर्ट (भद्रपुर)-जनकपुर-काठमाडौं क्षेत्रमा पाँचजना यात्रु थिए। यसमा राष्ट्रिय स्वतन्त्र पार्टीका झापा ५ मा उम्मेदवार बालेन्द्र शाहसहित पाँचजना यात्रु सवार थिए। हेली एभरेस्टको अर्को रेस्क्यु उडान विराटनगर-भोजपुर-मेडिसिटी अस्पताल-विराटनगर रुटमा दुईजना यात्रु थिए।

माउन्टेन हेलीले सर्लाही क्षेत्रतर्फ दुई यात्रु बोकेर एक चार्टर्ड उडान गरेको छ। जसमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही ४ का उम्मेदवार थिए। अल्टिच्युड एयरले काठमाडौं-भरतपुर-रुकुम पूर्व-पोखरा-काठमाडौं रुटमा पाँच यात्रुसहित एक चार्टर्ड उडान गरेको विवरण छ। उक्त उडानमा नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले यात्रा गरेका थिए। उनले चितवनकी उम्मेदवार रेनु दाहालको निर्वाचन क्षेत्र अवलोकन गरी आफ्नो निर्वाचन क्षेत्रमा मतदान गर्नसमेत हेलिकोप्टर प्रयोग गरेका थिए।

त्यस्तै, एयर डाइनेस्टीले अन्नपूर्ण बेस क्याम्प क्षेत्रमा दुईपटक 'सटल' चार्टर्ड उडान गरी आठ यात्रु बोकेको छ। सिम्रिक एयरले तीन उडान गरेको छ। तीमध्ये दुई चार्टर्ड उडान अन्नपूर्ण क्षेत्रतर्फ भएका छन् भने एउटा रेस्क्यु उडान विराटनगर-मणिपाल अस्पताल रुटमा भएको छ।

कैलाश हेलीले पनि चार उडान गरेको छ। तीमध्ये एक चार्टर्ड उडान पेरिचे क्षेत्रमा भएको छ। त्यस्तै, ओखलढुंगा, चुकुङ र मेडिसिटी अस्पतालसँग सम्बन्धित तीन रेस्क्यु उडान गरिएको विवरणमा उल्लेख छ। प्राधिकरणका अनुसार चुनावको दिन भएको हेलिकोप्टर उडानमार्फत कम्तीमा ६० जना यात्रुले सेवा लिएका छन्। निर्वाचनको दिन भएकाले नियमित उडान सीमित रहे पनि आपत्कालीन उद्धार र चार्टर्ड उडान भने जारी रहेको प्राधिकरणले जानकारी दिएको छ।

भारतमा भएको इन्धन आपूर्ति असहजताले नेपालमा असर नगर्ने

पेट्रोलियम आपूर्ति सम्झौतामा भारतबाट नियमित इन्धन आयातको प्रावधान रहेको आयल निगमको दाबी

अजित अधिकारी/नयाँ पत्रिका

मध्यपूर्वमा भएको तनावले संसारभर इन्धन आपूर्तिमा संकट आउन थालेको छ। बढ्दो तनावपछि अमेरिकाले रुसबाट तेल खरिद गर्न भारतलाई एक महिना छुट दिने निर्णय गरेको छ। तर, भारतले रुसी तेल खरिद गर्न अहिले पाइरहेको छुट सुविधाको तुलनामा धेरै महँगो मूल्य भुक्तानी गर्नुपर्ने भएको छ।

भारतले घरेलु उपभोक्ताको माग पूर्तिलाई ध्यान दिँदै निर्यातमा रोक लगाउन सक्ने विषयमा समेत छलफल थालेको छ। तर, भारतले तेल निर्यातमा रोक लगाउने निर्णय गरेको खण्डमा पनि नेपाललाई भने असर नपर्ने आयल निगमको दाबी छ।

आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले नेपालको हकमा भारतले अघि सारेको योजना लागू नहुने बताए। प्रत्येक पाँच वर्षमा आयल निगम र भारतको सरकारी स्वामित्वप्राप्त इन्डियन आयल कर्पोरेसन (आइओसी)बिच 'जनरल सेल्स एग्रिमेन्ट' भई निर्बाध रूपमा इन्धन आयात-निर्यात गर्ने सम्झौता भएको उनले बताए। 'यो सम्झौताको म्याद अर्को वर्ष मार्च २०२७ सम्म कायम छ,' उनले भने, 'त्यसैले, भारतले सम्झौताविपरीत नेपालमा तेल निर्यात रोक्न सम्भव छैन।'

उनले आइओसी अधिकारीसँग यस विषयमा छलफलसमेत भएको बताए। त्यसक्रममा भारतीय अधिकारीहरूले नेपालमा इन्धन आपूर्ति रोक्नेबारे कुनै छलफल र गृहकार्य नभएको जानकारी दिएको उनले बताए। 'नेपाललाई इन्धन नदिने भन्ने कुनै गृहकार्य नभएको भारतीय अधिकारीहरूले बताएका छन्। फेरि नेपालको खपत परिमाण तुलनात्मक रूपमा न्यून भएकाले पनि असर नपर्नुपर्ने हो,' उनले भने। विश्व बैंकले सन् २०२४ मा प्रकाशित गरेको प्रतिवेदनअनुसार भारतको सबैभन्दा ठुलो तेल निर्यातकर्ता देशहरूमा नेदरल्यान्ड, युएई, सिंगापुर, अमेरिका, अस्ट्रेलिया, साउथ अफ्रिका, तान्जेनिया, मलेसिया र कंगो रहेका छन्।

मध्यपूर्व तनावले भारतमा पेट्रोलियम आपूर्ति असहज

भारतीय सञ्चारमाध्यमका अनुसार अहिले रुसी तेल खरिद गर्दा अन्तर्राष्ट्रिय बजारमा निर्धारण भएको कच्चा तेलको भाउमा चार-पाँच डलर प्रिमियम शुल्क तिरेर भारतले खरिद गरिरहेको छ। यो तेल करिब एक महिनापछि मात्रै भारतको प्रशोधन कारखानामा आइपुग्नेछ। जबकि, फेब्रुअरीमा रुसी तेल खरिद गर्दा अन्तर्राष्ट्रिय बजारभाउमा १३ डलर प्रतिब्यारेलसम्म छुट सुविधा भारतले पाएको थियो। भारतले मध्यपूर्वको तनाव बढ्नासाथ रुसबाट जतिसक्दो धेरै तेल किन्न खोजिरहेको छ। भारतको तीन सरकारी कम्पनी इन्डियन आयल कर्पोरेसन, भारत पेट्रोलियम, हिन्दुस्तान पेट्रोलियम र मैंगलोर रिफाइनरी एन्ड पेट्रोकेमिकल्सले रुसबाट तेल खरिद गर्न व्यापारीहरूसँग छलफल गरिरहेका छन्। विभिन्न रिपोर्टअनुसार भारतले रुसबाट १२ करोड ब्यारेल रुसी तेल खरिदका लागि समझदारीसमेत गरिसकेको छ।रुसी तेल खरिदको समझदारीपछि भारतलाई कच्चा तेलको समस्या नहुने धारणा बाहिर आएको छ, तर महँगो मूल्यमा किनेकाले बजारभाउ नियन्त्रण गर्न कठिन हुने देखिएको छ।

■ भारतमा कच्चा तेलको मौज्दात कम

मध्यपूर्वबाट विश्वभर २० प्रतिशत तेल निर्यात हुने गरेको छ भने भारतले कुल खपतको ५० प्रतिशत तेल मध्यपूर्वबाटै ल्याउने गरेको छ। तर, त्यहाँबाट हुने आपूर्तिमा असहजता आएपछि घरेलु उपभोक्तालाई ध्यान दिँदै निर्यातमा रोक लगाउने विषयमा भारतीय अधिकारीहरूले छलफल थालेका छन्। किनभने, भारतले आयात गरेमध्ये एकतिहाइ पेट्रोल, एकचौथाइ डिजेल र आधा परिमाण हवाई इन्धन निर्यात गर्दै आएको छ। भारतलाई सबैभन्दा धेरै तनाव भने एलपिजी आपूर्तिमा छ। किनभने, ८५-९५ प्रतिशत एलपिजी आयातमा निर्भर छ।

> **अमेरिकाले समुद्रमा फसेको रुसी तेल खरिदका लागि मात्र भारतलाई ३० दिनको छुट दिएको पनि स्पष्ट पारेको छ**

यदि तत्काल आपूर्ति रोकियो भने भारतसँग कार्गोमा रहेको स्ट्रेट अफ हमुर्ज (विश्वको सबैभन्दा ठुलो तेलमार्ग जुन गल्फ देशहरू पार गर्ने नदीको नाकाका रूपमा परिचित छ) पास भएका कन्टेनरहरूमा केवल दुई हप्तालाई मात्र पुग्ने स्टक छ। भारतको तीन सरकारी कम्पनी र निजी क्षेत्रका तेल कम्पनीसँग मुस्किलले २५ दिनसम्म धान्ने मौज्दात रहेको छ। स्ट्रेट अफ हर्मुज खाडी क्षेत्रबाट निकास पाउने नाका भएकाले यहाँ कुनै अवरोध आए विश्वबजारमा तेल संकट गहिरिने गरेको छ। भारतसहित विश्वका ठुला देश रुसी तेलमा निर्भर हुन थालेका छन्।

अहिले रुसी तेल कम्पनीको सेयर मूल्य पनि उचालिएको छ। सन् २०२५ मा रुसले दुई सय ३८ मिलियन टन तेल निर्यात गरेको थियो। यसमध्ये ८० प्रतिशत चीन र भारतमा निर्यात भएको थियो। ९५ लाख ब्यारेल रुसी तेल बोकेर एसियाली देशसँगको नजिक रहेको समुद्रमा वेटिङ गरेर बसेका छन्। यो तेल किनेर तत्काल आपूर्ति सहज गर्ने विषयमा भारतीय अधिकारीहरूले छलफल अघि बढाएका छन्। भारतले रुसबाट प्रतिदिन करिब ११ लाख ब्यारेलका दरले तेल खरिद गरिरहेको छ। रुसी तेल खरिद गर्नेहरूमा चीन, टर्की र भारत रहेका छन्।

मध्यपूर्वको तनावले शुक्रबार सात उडान रद्द

काठमाडौं/ मध्यपूर्व क्षेत्रमा हवाई उडानमा भएको प्रतिबन्धका कारण शुक्रबारका लागि तय भएका सातवटा अन्तर्राष्ट्रिय उडान रद्द भएका छन्। नागरिक उड्डयन प्राधिकरणले थप केही अन्तर्राष्ट्रिय उडान ढिलाइ, पुनर्तालिकीकरण वा रद्द हुन सक्ने पनि जनाएको छ।

कुवेतबाट उडान तय भएको जजिरा एयरवेज र कुवेत एयरवेजको फ्लाइट रद्द भएका छन्। सारजाहबाट हुने तय भएको एयर एरेबियाका दुईवटा उडान पनि रद्द भएका छन्। दुबई अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने फ्लाई दुबईका तीनवटा फ्लाइट रद्द भएका छन्। नेपाल एयरलाइन्सको दोहा र दुबईतर्फका उडान पनि रद्द भएको प्राधिकरणले जनाएको छ। दोहाबाट काठमाडौंतर्फका तीन उडान रद्द भए। हिमालयन एयरलाइन्सको दोहा र दमामतर्फका दुई उडान रद्द भएका छन्।

मध्यपूर्वको तनावबिच काठमाडौं विमानस्थलमा दुईवटा अन्तर्राष्ट्रिय विमानको उडान-अवतरण भने भइसकेको प्राधिकरणले जनाएको छ। एयर अरेबियाले बिहान उडान गरिसकेको र बेलुका साढे ११ बजे फ्लाई दुबईको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने कार्यतालिका रहेको प्राधिकरणले जनाएको छ।

यो साता सुनचाँदीको मूल्यमा गिरावट

काठमाडौं/ यो साता सुनको मूल्य तोलामा १५ सय रुपैयाँ घटेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेपछि नेपालमा पनि सुनको मूल्य घटेको हो।

गत साताको शुक्रबार सुनको मूल्य प्रतितोला तीन लाख १४ हजार नौ सय रुपैयाँ थियो। यो साताको शुक्रबार मूल्य घटेर तीन लाख १३ हजार चार सयमा सीमित भएको छ।

यो साता सुनको मूल्य आइतबार तीन लाख २० हजार पाँच सय, सोमबार तीन लाख २६ हजार एक सय, मंगलबार तीन लाख २८ हजार ६ सय, बुधबार तीन लाख १७ हजार ६ सय र शुक्रबार तीन लाख १३ हजार चार सय रुपैयाँ कायम भएको छ।

यस्तै, चाँदीको मूल्य तोलामा दुई सय ९५ रुपैयाँ घटेको छ। गत साताको शुक्रबार प्रतितोला पाँच हजार सात सय ४० रहेको चाँदीको मूल्य यो साता शुक्रबार पाँच हजार चार सय ४५ मा सीमित भएको छ।

सुनचाँदी महासंघको तथ्यांकअनुसार चाँदीको मूल्य आइतबार पाँच हजार नौ सय ८५, सोमबार ६ हजार २०, मंगलबार पाँच हजार आठ सय १५, बुधबार पाँच हजार पाँच सय ४० र शुक्रबार पाँच हजार चार सय ४५ रुपैयाँ कायम भएको छ। चुनावका कारण बिहीबार भने सुनचाँदीको मूल्य नतोकिएको महासंघले जनाएको छ।

को–को छन् डेपुटी गभर्नरको दौडमा ?

सोमबारबाट दुवै डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्र अवकाशमा जाने भएकाले नयाँ नियुक्तिको प्रक्रिया थाल्नुपर्ने दबाब

डेपुटी गभर्नरको प्रतिस्पर्धामा रहेका राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू

- रामु पौडेल, बैंक तथा वित्तीय संस्था नियमन विभाग
- डा. रामशरण खरेल, आर्थिक अनुसन्धान विभाग
- दीर्घबहादुर रावल, बैंक सुपरिवेक्षण विभाग
- नरेश शाक्य, लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभाग
- रेवतीप्रसाद नेपाल, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
- विश्रुत थापा, वित्तीय संस्था सुपरिवेक्षण विभाग
- दयाराम शर्मा, गभर्नरको कार्यालय
- गुरुप्रसाद पौडेल, मानव संसाधन व्यवस्थापन विभाग
- किरण पण्डित, विदेशी विनिमय व्यवस्थापन विभाग
- डा. सत्येन्द्र तिमिल्सिना, भुक्तानी प्रणाली विभाग
- चेतप्रसाद उप्रेती, गैरबैंकिङ वित्तीय संस्था सुपरिवेक्षण विभाग
- रोशनकुमार सिग्देल, बैंकिङ विभाग
- डा. डिल्लीराम पोखरेल, मौद्रिक व्यवस्थापन विभाग
- निश्चल अधिकारी, सूचना प्रविधि विभाग
- अनुज दाहाल, मुद्रा व्यवस्थापन विभाग
- दीपकराज लमिछाने, आन्तरिक लेखा परीक्षण विभाग
- राजनविक्रम थापा, कर्पोरेट योजना/जोखिम व्यवस्थापन विभाग
- राजेन्द्र भट्टराई, वित्तीय व्यवस्थापन विभाग

> **अर्थमन्त्री रामेश्वर खनालले नयाँ डेपुटी गभर्नर नियुक्ति प्रक्रिया अगाडि बढाउन निर्वाचन आयोगसँग परामर्श लिए पनि विवाद हुने जोखिम देखेपछि नयाँ सरकारलाई जिम्मेवारी दिने योजना**

पवन तिमिल्सना/नयाँ पत्रिका

आगामी सोमबार राष्ट्र बैंकका दुई डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रले अवकाश लिँदै छन्। उनीहरूको अवकाशपछि रिक्त हुने डेपुटी गभर्नरका लागि छनोट प्रक्रिया भने थालिएको छैन।

निर्वाचन आचारसंहिताका कारण सरकारले नियुक्ति प्रक्रिया अघि बढाउन नपाएको हो। अर्थमन्त्री रामेश्वरप्रासद खनालले राष्ट्र बैंकमा डेपुटी गभर्नर नियुक्ति प्रक्रिया अघि बढाउन निर्वाचन आयोगसँग परामर्श पनि गरेका थिए। तर, विवादमा पर्ने जोखिम देखेपछि उनी डेपुटी गभर्नर नियुक्तिमा पछि हटेका थिए। र, अब नयाँ सरकारलाई डेपुटी गभर्नरको नियुक्तिको जिम्मेवारी दिने उनको योजना छ।

राष्ट्र बैंक ऐनअनुसार कार्यकारी निर्देशकमध्येबाट तीन योग्य व्यक्तिलाई डेपुटी गर्भनरका लागि गभर्नरले सिफारिस गर्ने व्यवस्था छ। गभर्नरको सिफारिस सूची अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गर्ने र मन्त्रिपरिषद्ले तीनमध्ये दुईजनालाई डेपुटी गभर्नर नियुक्ति गर्ने प्रावधान छ। डेपुटीहरू पछि गभर्नर नियुक्तिको समेत बलियो प्रत्याशी हुने गरेका छन्। त्यसैले, डेपुटी गभर्नर नियुक्तिलाई मन्त्रिपरिषद्ले समेत 'चासोपूर्वक' निर्णय गर्ने गरेको छ।

डेपुटी गभर्नरहरू राष्ट्र बैंकको सञ्चालक समिति सदस्य रहने व्यवस्था छ। डेपुटी गभर्नर पदमा नियुक्तिका लागि सिफारिस गर्दा केन्द्रीय बैंकका विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट कार्यक्षमताका आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नुपर्ने ऐनमा व्यवस्था छ। तर, मन्त्रिपरिषद्मा नियुक्तिका लागि तीनजनाको नाम सिफारिस गर्ने अभ्यास छ। डेपुटी गभर्नरका लागि नेपाली नागरिक हुनुपर्ने, उच्च नैतिक चरित्र भएको, आर्थिक, मौद्रिक बैंकिङ वित्तीय वाणिज्य व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय वा वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको हुनुपर्ने मापदण्ड छ।

राष्ट्र बैंकभित्रका विभिन्न महत्त्वपूर्ण विभाग सम्हालिरहेका कार्यकारी निर्देशकहरू डेपुटी गभर्नरको दौडाहामा छन्। प्रतिस्पर्धामा रहेका कार्यकारी निर्देशकहरूमध्ये बैंक तथा वित्तीय संस्था नियमन विभागका रामु पौडेल, आर्थिक अनुसन्धान विभागका डा. रामशरण खरेल र बैंक सुपरिवेक्षण विभागका दीर्घबहादुर रावल तुलनात्मक रूपमा बलिया प्रतिस्पर्धी हुन्। किनभने, उनीहरू राष्ट्र बैंकभित्रको शक्तिशाली विभागमा नेतृत्व गरिरहेका छन्।

यो दौडमा लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभागका नरेश शाक्य, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका रेवतीप्रसाद नेपाल र वित्तीय संस्था सुपरिवेक्षण विभागका विश्रुत थापा छन्। त्यसैगरी, गभर्नरको कार्यालयमा कार्यरत कार्यकारी निर्देशक दयाराम शर्मा, मानव संसाधन व्यवस्थापन विभागका गुरुप्रसाद पौडेल, विदेशी विनिमय व्यवस्थापन विभागका किरण पण्डित, भुक्तानी प्रणाली विभागका डा. सत्येन्द्र तिमिल्सिना र गैरबैंकिङ वित्तीय संस्था सुपरिवेक्षण विभागका चेतप्रसाद उप्रेती पनि दौडमा छन्।

बैंकिङ विभागका रोशनकुमार सिग्देल, मौद्रिक व्यवस्थापन विभागका डा. डिल्लीराम पोखरेल, सूचना प्रविधि विभागका निश्चल अधिकारी र मुद्रा व्यवस्थापन विभागका अनुज दाहाल, आन्तरिक लेखा परीक्षण विभागका दीपकराज लमिछाने, कर्पोरेट योजना तथा जोखिम व्यवस्थापन विभागका राजनविक्रम थापा र वित्तीय व्यवस्थापन विभागका राजेन्द्र भट्टराई पनि डेपुटी गभर्नर पदका दाबेदार हुन्। डेपुटी गभर्नरलाई राष्ट्र बैंकको नीति-निर्माण, मौद्रिक व्यवस्थापन, बैंकिङ प्रणालीको निगरानी तथा समष्टिगत आर्थिक स्थायित्वसँग प्रत्यक्ष जोडिएर काम गर्नुपर्ने दायित्व हुन्छ।

वार्षिक तीन अर्ब रुपैयाँ उत्पादन क्षमताको उद्योग २७ वर्षदेखि बन्द

शब्द/तस्बिर : कृष्ण रिजाल

दोलखाको लामिडाँडास्थित ओरिन्ड म्याग्नेसाइटको खानी र प्रशोधन गर्ने उद्योग २७ वर्षदेखि अलपत्र छ। यस खानीमा १८ करोड मेट्रिकटन म्याग्नेसाइट र पाँच लाख मेट्रिकटन खरी रहेको अन्वेषणले देखाएको छ। उद्योगमा म्याग्नेसाइट प्रशोधन गरेर डिबिएम, क्याल्साइन र खरी पाउडर उत्पादन गर्न सकिन्छ। उद्योगबाट वार्षिक तीन अर्ब ११ करोड रुपैयाँबराबरको उत्पादन बिक्री गर्न सकिने सरकारी अध्ययनले नै देखाएको थियो। २५ मंसिर ०५५ देखि पूर्ण रूपमा बन्द रहेको म्याग्नेसाइट उद्योग सञ्चालनका लागि स्थानीयवासी, पूर्वकर्मचरी एवं सरोकारवालाले माग गर्दै आएका छन्। तर, सरकारले खानी र उद्योग पुनः सञ्चालनको प्रभावकारी प्रक्रिया अघि बढाउन सकेको छैन।

■ आइसिसी पुरुष टी-२० विश्वकप- २०२६

६ ब्याट्‌सम्यानका शतकीय इनिङ्स

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको १०औँ संस्करणको आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको दुई फाइनलिस्ट तयार भइसकेका छन् । आगामी आइतबार विश्वकै धेरै दर्शक अटाउने रंगशाला नरेन्द्रमोदीमा साबिक विजेता भारत र न्युजिल्यान्डबिच उपाधि भिडन्त हुनेछ । यी दुईमध्ये एक टोली विजयी हुँदा विश्वकपमा नयाँ रेकर्ड बन्नेछ । भारतले जित्दा सर्वाधिक तेस्रोपटक टी-२० विश्वकप विजेता बन्नेछ । उसले इंग्ल्यान्ड र वेस्ट इन्डिजलाई पछि पार्नेछ । भारतलाई स्तब्ध बनाउँदा न्युजिल्यान्ड पहिलोपटक विश्वकप विजेता हुनेछ । यसकारण फाइनल खेलको जस्तो नतिजा निस्किए पनि रेकर्ड हुनेछ ।

एक महिनासम्म चलेको विश्वकपको फाइनलबाहेक अन्य सबै खेलमा कुनै न कुनै रेकर्ड बनेका छन् । ५५ मध्ये ४४ खेल समाप्तिसम्म ब्याट्‌सम्यान र बलरले आ-आफ्नो नाममा रेकर्ड राख्न सफल भएका छन् । तर, विश्वकप खेलाडीको क्षमताअनुसार पूर्वअनुमान उनीहरूले प्रदर्शन गर्न सकेनन् । धेरै नाम चलेका ब्याट्‌सम्यान सोचेजस्तो चल्न सकेनन् । २० टोली सहभागी विश्वकपमा अनपेक्षित रूपमा नयाँ युवा खेलाडी ब्याटिङमा चम्केका छन् ।

विश्वकपको सेमिफाइनलसम्मको नतिजासम्म केवल ७ शतकीय इनिङ्स मात्र बनेका छन् । जसमा पाकिस्तानका साहेबजादा फहरानले एकै विश्वकपमा दुईपटक शतकीय इनिङ्स खेल्न सफल भए । विश्वकपमा यो पनि एक रेकर्ड नै हो । एसोसिएट राष्ट्रबाट युवराज शर्माले एक शतक लगाए । चालू विश्वकपमा इंग्ल्यान्डका दुई खेलाडीले शतकीय इनिङ्स खेले । ज्याकोव बेथेली तथा ह्यारी बुकले महत्त्वपूर्ण खेलमा सय रन पूरा गरेका थिए । श्रीलंकाका निशंका पनि एक शतक बनाउन सफल भए । विश्वकपमा शतक लगाउन खेलाडीको प्रदर्शन यस्तो रह्यो ।

● साहेबजादा फरहान (पाकिस्तान)
विरुद्ध नामिबिया र श्रीलंका

चालू विश्वकपमा पाकिस्तानको यात्रा सुपर ८ सम्म सीमित भए पनि ओपनर फरहानका लागि अविस्मरणीय रह्यो । उनले टी-२० आई करिअरकै पहिलो शतक मात्र बनाएनन्, विश्वकपमै दुई शतकीय इनिङ्स खेल्दै रेकर्ड राखे । फरहानले विश्वकपको ३५औँ खेलमा नामिबियाविरुद्ध सय रनको योगदान दिए । पहिलो ब्याटिङ गरेको पाकिस्तानले तीन विकेटमा एक सय ९९ रन बनाउँदा फरहानले मात्र एक सय रन जोडेका थिए । यसक्रममा उनले ५८ बलमा ११ चौका र चार छक्का लगाए । यो खेलमा पाकिस्तान एक सय दुई रनले विजयी भयो । पाकिस्तानबाट टी-२० विश्वकपमा बनेको यो दोस्रो शतक थियो । यसअघि अहमद सेहजादले शतक लगाएका थिए । त्यसपछि फरहानले सुपर ८ को समूह '२'मा श्रीलंकासँगको महत्त्वपूर्ण खेलमा अर्को शतक लगाउन सफल भए । पाकिस्तान सेमिफाइनलमा पुग्ने वा नपुग्ने खेलको नतिजा नै श्रीलंकाविरुद्ध थियो । श्रीलंकामाथि फराकिलो जित अन्तर निकाल्दा मात्र पाकिस्तान सेमिफाइनलमा पुग्ने समीकरण बनेको थियो । तर, पाकिस्तानले आवश्यक रनरेटअनुसार सुरुवाती ब्याटिङ गरी आठ विकेट गुमाएर दुई सय १२ रन जोडेको थियो । यसमा फरहानले पुनः एकपटक उत्कृष्ट ब्याटिङ गरी ६० बलमा ठ्याक्कै एक सय रन जोडे । यसक्रममा उनले नौ चौका र पाँच छक्का प्रहार गरेका थिए । प्रत्युत्तरमा श्रीलंकाले २० ओभरमा ६ विकेटको नोक्सानीमा दुई सय सात रन बनायो । पाकिस्तान खेलमा पाँच रनले विजयी हुँदा पनि विश्वकपबाट बाहिरियो । तर, फरहानले चालू विश्वकपमा आफ्नो ब्याटिङ क्षमता देखाउन भने सफल भए । विश्वकपमा उनी अहिले पनि धेरै रन बनाउने सूचीको शीर्ष स्थानमा छन् । उनले ६ इनिङ्समा तीन सय ८३ रन जोडेका छन् ।

पाथुम निसान्का (श्रीलंका) · फिन एलेन (न्युजिल्यान्ड) · युवराज सिंह (क्यानडा) · ज्याकोव बेथेल (इंग्ल्यान्ड) · साहेबजादा फरहान (पाकिस्तान) · ह्यारी ब्रुक (इंग्ल्यान्ड)

● ह्यारी ब्रुक (इंग्ल्यान्ड)
विरुद्ध पाकिस्तान

विश्वकपको सुपर ८ मा पाकिस्तानसँग इंग्ल्यान्डको खेल थियो । पाकिस्तानले पहिलो ब्याटिङ गरी नौ विकेट गुमाएर एक सय ६४ रन बनायो । पाकिस्तानको कसिलो बलिङअगाडि इंग्ल्यान्डले सुरुवातमै विकेट गुमाएको थियो । इंग्ल्यान्डले ७.१ ओभरमा चार विकेट गुमाएर ५८ रन बनाएको थियो । यो अवस्थासम्म पाकिस्तानले खेल पकडमा लिएको थियो । तर, कप्तान ह्यारी बुकले करिअरकै उत्कृष्ट इनिङ्स खेल्दै असम्भव जित टोलीलाई देखाए । क्रिजको एकछेउमा उनको ब्याटबाट चौका र छक्का वर्षा भइरहेको थियो । इंग्ल्यान्डले निरन्तर रूपमा विकेट गुमाइरहँदा बुकले कप्तानी इनिङ्स खेले । उनले केवल ५१ बलमा १० चौका र चार छक्का प्रहार गरी १०० रन जोडे । उनकै शतकीय इनिङ्सको मद्दतमा इंग्ल्यान्डले पाकिस्तानविरुद्ध दुई विकेटको जित निकाले । ह्यारी टी-२० विश्वकपमा शतक बनाउने एक मात्रै कप्तान बनेका हुन् । यसअघि कुनै पनि कप्तानले विश्वकपमा शतक बनाएका छैनन् । २७ वर्षीय दायाँहाते बुकले ५१ बलमै शतक बनाएका हुन् । उनी इंग्ल्यान्डका लागि तीनैवटै फर्म्याटमा शतक बनाउने तेस्रो खेलाडी हुन् । यसअघि डेविड मलान र जोस बटलरले यो कीर्तिमान बनाएका थिए ।

● पाथुम निसान्का (श्रीलंका)
विरुद्ध अस्ट्रेलिया

श्रीलंकाले समूह चरणको सुरुवातमै उपाधि दाबेदार अस्ट्रेलियासँग सामना गरेको थियो । अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी एक सय ८१ रन बनायो । कोलम्बोको पिचमा यो योगफल सहजै रक्षा हुने अनुमान थियो । तर, २७ वर्षीय दायाँहाते ब्याट्‌सम्यान पाथुम निसान्का विश्वकपमा शतक बनाउने पहिलो खेलाडी बन्दा अस्ट्रेलिया आठ विकेटले नराम्रोसँग पराजित भयो । ओपनिङ ब्याट्‌सम्यान पाथुमले केवल ५२ बलमा अविजित एक सय रन बनाए । त्यसक्रममा उनले १० चौका र पाँच छक्का प्रहार गरेका थिए । अस्ट्रेलियामाथिको सानदार जितले श्रीलंका सुपर ८ मा पुग्यो । विश्वकपमा श्रीलंकाली टोलीबाट सबैभन्दा सफल ब्याट्‌सम्यान नै पाथुम रहे । उनले सात इनिङ्समा ब्याटिङ गरी दुई सय ११ रन जोडे । यसक्रममा उनले एक अर्धशतकीय इनिङ्ससमेत खेलेका थिए । अस्ट्रेलियाविरुद्ध करिअरकै आक्रामक इनिङ्स खेलेका हुन् ।

● ज्याकोव बेथेल (इंग्ल्यान्ड)
विरुद्ध भारत

चालू विश्वकपमा सर्वाधिक रोमाञ्चक खेलका रूपमा भारत र इंग्ल्यान्डबिचको दोस्रो सेमिफाइनल रह्यो । मुम्बईको वानखेडे रंगशालामा भारतले पहिलो ब्याटिङ गरी सात विकेटको नोक्सानीमा दुई सय ५३ रनको विशाल योगफल खडा गर्‍यो । वानखेडे रंगशालाको पिच स्वाभाविक रूपमा हाइस्कोरिङ हुने किसिमको थियो । यसमा पनि भारतले ब्याक टु ब्याक दोस्रो खेलमा दुई सय ५० रनको योगफल बनाउँदा ड्राइभिङ सिटमा रहेको महसुस गरेको थियो ।

विश्वकपमा इंग्ल्यान्डका ब्याट्‌सम्यान उत्कृष्ट फर्ममा थिए । यस्तो अवस्थामा भारतका खेलाडीले सुरुवाती क्रममा इंग्ल्यान्डबाट लक्ष्य पछ्याउन नसकिनेजस्तो मनोविज्ञान देखाएका थिए । तर, ह्यारी बुकजस्ता खतरनाक खेलाडीको विकेट लिँदै भारतले खेल आफ्नो पक्षमा लिएको थियो । चौथो क्रममा ब्याटिङ गर्न आएका ज्याकोव बेथेलीले मैदानको चारै दिशामा चौका र छक्का प्रहार गरी भारतमाथि इनिङ्सको अन्तिम ओभरसम्म दबाब बनाउँदै कीर्तिमानी जितको आशा इंग्ल्यान्डलाई दिलाइरहे । दुभाग्यपूर्ण रूपमा लक्ष्य पछ्याएको इनिङ्सको १९.१ ओभरमा उनी रनआउट भए । उनी रनआउट हुँदा इंग्ल्यान्डले एउटा सुन्दर र असम्भव जित निकाल्न वञ्चित भयो । भारतले खेलमा सात रनले जित निकाले पनि बेथेलको शतकीय इनिङ्स कसैले बिर्सन सक्दैनन् । उनले ४८ बलमा सात छक्का र आठ चौका प्रहार गरी एक सय पाँच रन जोडेका थिए । उनले १९ बलमा अर्धशतक लगाए । भारतविरुद्ध उनको स्ट्राइक २१८ रहेको थियो ।

● फिन एलेन (न्युजिल्यान्ड)
विरुद्ध दक्षिण अफ्रिका

टी-२० विश्वकपको पहिलो सेमिफाइनलमा एकपक्षीय हुन्न भनी कसैले सोचेकै थिएन । प्रतियोगितामा दक्षिण अफ्रिका एक मात्र अपराजित टोली थियो । उसका ब्याट्‌सम्यान र बलर उत्कृष्ट फर्ममा थिए । अपराजित रहँदै दक्षिण अफ्रिकाले विश्वकपको सेमिफाइनल स्थान पक्का गरेको थियो । इडन गार्डेन मैदानमा दक्षिण अफ्रिकाले पहिलो ब्याटिङ गरी न्युजिल्यान्डलाई एक सय ७० रनको लक्ष्य दियो । न्युजिल्यान्ड भने बल्ल सेमिफाइनलमा पुगेको टोली थियो । यस्तोमा न्युजिल्यान्डको ब्याटिङ त्यति बलियो थिएन । तर, अन्तिम चारमा न्युजिल्यान्डले यस्तो ब्याटिङ प्रदर्शन गर्‍यो । जुन कल्पनाबाहिर थियो । त्यसमा पनि फिनले केवल ३३ बलमा एक सय रनको नटआउट इनिङ्स खेल्दा दक्षिण पुनः एकपटक आइसिसीको प्रतियोगितामा सेमिफाइनलबाटै बाहिरियो । दक्षिण अफ्रिका सेमिफाइनलबाट बाहिरिनुको एक मात्र कारण नै फिनको आक्रामक शतकीय इनिङ्स थियो । उनले ३३ बलमा १० चौका र आठ छक्का लगाएका थिए । जुन टी-२० विश्वकप इतिहासमै सबैभन्दा छिटो शतक थियो । फिनले सन् २०१६ मा वेस्ट इन्डिजका क्रिस गेलले इंग्ल्यान्डविरुद्ध ४७ बलमा जोडेको शतकीय इनिङ्ससमेत तोड्न सफल भए ।

● युवराज सिंह (क्यानडा)
विरुद्ध न्युजिल्यान्ड

क्यानडाका युवराज विश्वकपमा शतक बनाउने कान्छा खेलाडी हुन् । उनले न्युजिल्यान्डजस्तो राष्ट्रविरुद्ध शतक लगाउँदा १९ वर्ष मात्र टेकेका थिए । बायाँहाते ओपनिङ ब्याट्‌सम्यान युवराजले न्युजिल्यान्डसँगको खेलमा एक सय १० रन बनाएका थिए । उनी टेस्ट राष्ट्रविरुद्ध विश्वकपमा शतक बनाउने पहिलो एसोसिएट खेलाडीसमेत बनेका छन् । चेन्नईमा भएको खेलमा युवराजले ६५ बलमा एक सय १० रन जोडे । यसक्रममा उनले ११ चौका र ६ छक्का प्रहार गरेका थिए । उनको शतक मद्दतमा क्यानडाले एक सय ७४ रनको लक्ष्य दिए पनि न्युजिल्यान्ड आठ विकेटले जित निकाल्यो । विश्वकपमा युवराजले चार खेलमा एक सय ४४ रन बनाएका थिए ।

एन्फाको निर्वाचन आगामी १३ चैतमा

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को पटक-पटक स्थगित हुँदै आएको निर्वाचन आगामी १३ चैतका लागि तय गरिएको छ । एन्फाको निर्वाचन समितिले शुक्रबार नयाँ निर्वाचनतालिका प्रकाशन गर्दै १३ चैतमा चारवर्षे कार्यकालका लागि चुनाव गर्ने घोषणा गरेको हो । नयाँ तालिकाअनुसार उम्मेदवार तथा मताधिकार प्रतिनिधिको नामावली प्रकाशन गर्नेछ । यसैगरी, २८ फागुनसम्ममा उम्मेदवार तथा मताधिकार प्रतिनिधिविरुद्ध दाबी-विरोध गर्न पाउनेछन् । २९ फागुनमा पुनरावेदन समितिले त्यसमाथि निर्णय गर्ने र ३० फागुनमा दाबी-विरोधको पुनरावेदनपछिको अन्तिम नामावली प्रकाशन हुने एन्फाले जनाएको छ ।

निर्वाचन समितिका सदस्यसचिव लोकेन्द्र ओलीले जारी गरेको सूचनामा समितिले आवश्यकताअनुसार निर्वाचन कार्यतालिका संशोधन गर्न सक्ने भनेको छ । समितिले प्रकाशन गरेको उम्मेदवारको सूचीअनुसार अध्यक्षमा वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङ र उपाध्यक्ष दीर्घबहादुर केसीको उम्मेदवारी मात्र परेको छ । वरिष्ठ उपाध्यक्षमा वर्तमान उपाध्यक्षद्वय दावा लामा र दीपक खतिवडा तथा एनआरटी क्लबका अध्यक्ष सुन्दरनरसिंह जोशीबिच प्रतिस्पर्धा हुने देखिएको छ । उनीहरूबाहेक अन्यले उम्मेदवारी दिएका छैनन् ।

लामाले नेम्वाङ तथा जोशीले केसीको प्यानलबाट उम्मेदवारी दिएका हुन् । खतिवडा भने स्वतन्त्र उम्मेदवार हुन् । एन्फामा चार उपाध्यक्ष पदका लागि १० जनाको उम्मेदवारी परेको छ । एन्फाको वर्तमान कार्यसमितिका सदस्यहरू विकासनारायण श्रेष्ठ, मनीष जोशी, अनिल मल्ल, पेमा डोल्मा लामा र महेन्द्र क्षेत्री तथा फ्रेन्ड्स क्लबका अध्यक्ष विश्वासविक्रम शाह, मच्छिन्द्रका अध्यक्ष अनिल श्रेष्ठ, सरस्वती क्लबका अध्यक्ष उत्तमराज भण्डारी, मनाङ मर्स्याङ्दीका अध्यक्ष विजय घले र कञ्चनपुर जिल्ला फुटबल संघका अध्यक्ष गणेशबहादुर चन्द छन् ।

> निर्वाचन समितिले शुक्रबार आगामी १३ चैतमा हुने एन्फा निर्वाचन कार्यतालिका प्रकाशन गरेको छ

२८ जनाको उम्मेदवारी

कार्यकारी सदस्यको १३ पदका लागि दुवै प्यानल तथा स्वतन्त्र गरी २८ जनाको उम्मेदवारी परेको एन्फाले जनाएको छ । सदस्यमा उम्मेदवारी दिनेमा प्रवीण सुवाल, पुरुषोत्तम थापा, भोजराज शाही, मणिराज विष्ट, दीपेन्द्र धिमाल, प्रवीण यादव, प्रमोद मानन्धर, भरत बुढाथापा, टीकाराम लामा, सागर मैनाली, नीरजबहादुर राउत, जयकृष्ण श्रेष्ठ, रमेश ब्यञ्जनकार, सत्यभक्त पालिखे, राजु ह्याजु र लोकेन्द्र गुरुङ छन् । यसैगरी, कपिल रानामगर, सेतबहादुर पुन, बाबुकाजी बस्नेत, सञ्जीव बुढाथोकी, कल्याणकुमार खड्का, विनोद गुरुङ, केशवकुमार कार्की, देवनारायण चित्रकार, भगवानबहादुर दर्लामी, ठाकुर सुस्लिङ, मणिकुमार लिम्बू र सञ्जात धितालले सदस्यमा उम्मेदवारी दिएका छन् । दुई महिला सदस्यका लागि सरिला श्रेष्ठ, विन्द्रा देवान, कमला हिराचन र लीलामाया थापा गरी चारजनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ । समितिले सबै डिभिजन क्लब, जिल्ला फुटबल संघ, खेलाडी, महिला, रेफ्री र प्रशिक्षक संघलगायत गरी मताधिकारप्राप्त ८७ जनाको नाम पनि सार्वजनिक गरेको छ ।

पटक-पटक स्थगन

निर्वाचन आयोगले गत ६ फागुनमा एन्फा निर्वाचन रोक्न निर्देशन दिएको थियो । पूर्वतालिकाअनुसार एन्फा निर्वाचन २८ फागुनमा तय भएको थियो । आयोगका कानुन अधिकृत मोहनराज जोशीले एन्फालाई पत्र लेख्दै तत्काल सबैखाले निर्वाचन प्रक्रिया रोकेर त्यसको जानकारी आयोगमा गराउन निर्देशन दिएका थिए । अन्यथा निर्वाचन आचारसंहिताबमोजिम कारबाही गर्ने चेतावनी पनि जोशीले दिएका थिए ।

निर्वाचन आचारसंहिता लागू भइसकेको सन्दर्भमा संघ-संस्थाको निर्वाचन नगर्न आयोगले ८ माघमा सूचना जारी गर्नुका साथै एन्फालाई पनि पत्राचार गरेको थियो । अदालतमा परेको मुद्दाका कारण ६ माघमा अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचनका सबै प्रक्रिया स्थगित गरिसकेको एन्फाले जनाएको थियो ।

आगामी ०८३ असार ४ गतेसम्म कार्यकाल रहे पनि एन्फा नेतृत्वले गत २८ माघमा चारवर्षे कार्यकालका लागि चुनाव गर्ने तयारी गरेको थियो । यसविरुद्ध पाटन उच्च अदालतले २८ पुस र ४ माघमा अन्तरिम आदेश जारी गरेको थियो । यद्यपि, एन्फाले उम्मेदवारी दर्तासम्मको प्रक्रिया सम्पन्न गरेर ६ माघमा निर्वाचन स्थगित गरेको सूचना जारी गरेको थियो ।

पाकिस्तानी टोलीमा ६ नयाँ खेलाडी

एजेन्सी

टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा खराब प्रदर्शनपछि विभिन्न राष्ट्रहरूले संरचना परिवर्तन गरिरहेका छन् । पहिला अफगानिस्तानले नियमित कप्तान रसिद खानलाई हटाएर इब्राहिम जार्दानलाई टोलीको जिम्मेवार दिएको थियो । अब सुपर ८ बाट बाहिरिएको पाकिस्तानी क्रिकेट बोर्डले विश्वकपको रिस खेलाडीमाथि नै पोखिरहेको छ । खराब प्रदर्शनमा पहिला बोर्डले प्रत्येक खेलाडीलाई जनही ५० लाख रुपैयाँ क्षतिपूर्ति लगाएको थियो । बोर्डले बंगलादेशविरुद्धको सिरिजमा एकैपटक ६ नयाँ खेलाडीलाई समावेश गरी टोली घोषणा गरेको छ ।

फास्ट बलर सहिन साह अफ्रिदी अब ५० ओभरका नयाँ कप्तान बने । गत वर्षमा मोहमद रिजवानले कप्तानी गर्ने अवसर पाएका थिए । एक वर्षको अवधिमा पाकिस्तानले एकदिवसीय फर्म्याटमा कप्तान फेरेको दोस्रोपटक हो । विश्वकपमा खराब प्रदर्शन गरेका सिनियर खेलाडी तथा पूर्वकप्तान बाबर अजाम र सइम आयुव टोलीबाट बाहिरिएका छन् । टोलीका सबैभन्दा सिनियर खेलाडी बाबरले ५० ओभरमा २० शतक तथा ३७ अर्धशतकीय इनिङ्स खेलेका छन् । उनले १४० एकदिवसीय खेलमा ६५०१ रन जोडेका छन् ।

चालू विश्वकपमा धेरै रन बनाएका फरहानले स्थान बनाउन सफल भए । उनले अहिलेसम्म पाकिस्तानबाट एकदिवसीय खेलमा डेब्यु गरेका छैनन् । टी-२० विश्वकपमा स्थान नबनाएका रिजवानले बंगलादेशविरुद्धको एकदिवसीय सिरिजमा फर्किएका छन् । यसैगरी, सलमान आघा भने टी-२० टोलीका कप्तान यथवात् भए । अलराउन्डर फहिम असरफ तथा लेग स्पिनर अवरा अहमदले स्थान सुरक्षित गरे ।

अहिलेसम्म माथिल्लो श्रेणी क्रिकेट नखेलेका अनक्याप्ड खेलाडीमा अब्दुल समद, माज सदाकड, साद मसुर, मोहमद वसिम तथा ह्यारिस रफले स्थान सुरक्षित गरे ।

दोस्रो सेमिफाइनलमा बनेका रेकर्डहरू

एजेन्सी

१०औँ संस्करणको टी-२० विश्वकपअन्तर्गत भारत र इंग्ल्यान्डबिचको दोस्रो सेमिफाइनल हाइस्कोरिङ भयो । मुम्बईको वानखेडे रंगशालामा भारतले मुस्किलले इंग्ल्यान्डमाथि सात रनको जित निकाल्यो । भारत चौथोपटक विश्वकपको सेमिफाइनलमा पुग्यो । चौथोपटक फाइनल पुग्ने भारत पहिलो टोली बनेको छ । यसअघि भारत सन् २००७, २०१४ र २०२४ को विश्वकप सेमिफाइनलमा पुगेको थियो । सन् २०१४ बाहेक अन्य दुई फाइनलमा भारतले आफ्नो पक्षमा पारेको छ । भारतले पाकिस्तान, इंग्ल्यान्ड र श्रीलंकाको रेकर्ड पछि पारेको छ ।

यी तीनवटै राष्ट्र समान तीनपटक फाइनलमा पुगेका थिए । जसमा इंग्ल्यान्डले दुई फाइनल जितेको थियो । पाकिस्तान र श्रीलंकाले तीनमध्ये एक फाइनल मात्र आफ्नो नाममा लेखाए । लगातार दुई संस्करण फाइनल खेल्ने भारत तेस्रो टोली बनेको छ । यसअघि पाकिस्तान र श्रीलंकाले यस्तै रेकर्ड राखेका थिए । पाकिस्तान सन् २००७ र २००९ को संस्करणको उपाधि भिडन्तमा पुगेको थियो । पाकिस्तान सन् २००९ मा विजेता बनेको थियो । श्रीलंकाले भने सन् २०१२ र ०१४ को फाइनल खेल्यो । दोस्रो सेमिफाइनलपछि बनेका रेकर्ड यस्ता छन् ।

विश्वकपको एकै खेलमा सर्वाधिक छक्का

भारत र इंग्ल्यान्डबिचको एकै खेलमा सर्वाधिक ३४ छक्का ब्याट्‌सम्यानले लगाए । यी दुई टोलीले जिम्बावे र वेस्ट इन्डिजबिचको रेकर्ड पछि पार्न सफल भए । वेस्ट इन्डिज र जिम्बावेबिच खेलमा ३१ छक्का प्रहार भएका थिए । वानखेडे रंगशालामा कुल बनेको योगफलमा ७३ प्रतिशत रन बाउन्ड्रीबाट निस्किएको थियो । जसमा ३९ चौका र ३४ छक्का समावेश रहेको छ । सन् २०१६ मा यसै मैदानमा इंग्ल्यान्ड र दक्षिण अफ्रिकाबिचको खेलमा ६१ बाउन्ड्री प्रहार भएको थियो । १०औँ संस्करणको दोस्रो सेमिफाइनलमा भारतले १८ चौका र १९ छक्का प्रहार गरेको थियो । इंग्ल्यान्डको ब्याटिङमा १५ छक्का र २१ चौका प्रहार भएको थियो ।

ब्याक टु ब्याक दुई सय ५० रनको योगफल

चालू विश्वकपमा भारतले अर्को रेकर्ड पनि बनाएको छ । प्रतियोगितामा ब्याक टु ब्याक दुई सय ५० रनको योगफल बनाउने भारत पहिलो टोली बनेको छ । उसले सुपर ८ मा जिम्बावेविरुद्ध पहिलो ब्याटिङ गरी २५४/४ को प्रदर्शन गरेको थियो । त्यसपछि इंग्ल्यान्डसँगको सेमिफाइनलमा २५३/७ को स्कोर खडा गरेको थियो । टी-२० विश्वकपको इतिहासमा श्रीलंकाको नाममा सर्वाधिक योगफल रहेको छ । सन् २००७ को पहिलो संस्करणको विश्वकपमा श्रीलंकाले केन्याविरुद्ध २६०/७ को प्रदर्शन गरेको थियो । त्यसपछि दोस्रो ठुलो योगफल बनेको भारतले जिम्बावेविरुद्ध बनाएको हो । यसै विश्वकपमा वेस्ट इन्डिजले जिम्बावेविरुद्ध २५४/६ को योगफल खडा गरेको थियो । यसैगरी, आयरल्यान्डले पनि चालू विश्वकपमै ओमानसँगको खेलमा २३५/५ को स्कोर बनाएको थियो ।

धेरै छक्का लगाउने भारत पहिलो

टी-२० विश्वकप इतिहासमा एउटै संस्करणमा धेरै छक्का लगाउने भारत पहिलो टोली बनेको छ । चालू विश्वकपमा भारतले सर्वाधिक ८८ छक्का ठोकेको छ । दोस्रो स्थानमा वेस्ट इन्डिज रहेको छ । १०औँ संस्करणको विश्वकपमै वेस्ट इन्डिजले ७६ छक्का प्रहार गरेको थियो । तेस्रो स्थानमा रहेको टोली दक्षिण अफ्रिका हो । दक्षिण अफ्रिकाले सन् २०२४ को संस्करणमा ७२ छक्का जोडेको थियो । सोही विश्वकपमा भारतले ६१ तथा वेस्ट इन्डिजले ६२ छक्का प्रहार गरे । एकै खेलमा सर्वाधिक छक्का प्रहार गर्ने रेकर्ड भारतले बराबरी गरेको छ । नेदरल्यान्ड्स र वेस्ट इन्डिजले एकै खेलमा सर्वाधिक १९ छक्का लगाएका थिए । सन् २०१३ मा नेदरल्यान्ड्सले आयरल्यान्डविरुद्ध र सन् २०२६ को विश्वकपमा वेस्ट इन्डिजले जिम्बावेसँगको खेलमा सर्वाधिक १९ पटक छक्का प्रहार गरेका थिए ।

विश्वकपकै खर्चिला बलर वरुण

भारतले इंग्ल्यान्डमाथि सनसनी जित निकाल्दा उसका बलर वरुण चक्रवर्ती सबैभन्दा खर्चिला बलर साबित भए । वरुणले पूरै स्पेलमा ६४ रन खर्चे । यसै खेलमा इंग्ल्यान्डका जोफ्रा आर्चर विश्वकपकै खर्चिलो बलर बनेका थिए । इंग्ल्यान्डविरुद्ध लक्ष्य रक्षा गरेको इनिङ्समा भारतका वरुण खर्चिलो बने । यसैगरी, सन् २०२१ को विश्वकपमा अस्ट्रेलियाका मिचेल स्टार्कले न्युजिल्यान्डसँगको खेलमा ६० रन खर्चेका थिए । सन् २०१२ को विश्वकपमा श्रीलंकाका कप्तान लथिस मलिंगाले वेस्ट इन्डिजविरुद्ध ५४ रन दिएका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com